वर्ष : १७, अंक : ४१, काठमाडौं, २०७८ माघ १४ गते शुक्रबार, 28 January 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## मधेशविरोधी गठबन्धन



### मधेशी खोई ?

| प्रदेश | पार्टी | गैरमधेशी उम्मेद्वार | मधेशी उम्मेद्वार | मधेशी विजयी | जम्मा विजयी |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | नेपाली कांग्रेस | १ | ० | ० | १ |
| | जनता समाजवादी पार्टी | १ | ० | ० | ० |
| | नेकपा (एस) | १ | ० | ० | १ |
| मधेश प्रदेश | माओवादी केन्द्र | १ | ० | ० | १ |
| | जनता समाजवादी पार्टी | ० | १ | १ | १ |
| बागमती प्रदेश | नेपाली कांग्रेस | १ | ० | ० | १ |
| | नेकपा (एस) | १ | ० | ० | १ |
| गण्डकी प्रदेश | नेपाली कांग्रेस | १ | ० | ० | १ |
| | माओवादी केन्द्र | २ | ० | ० | २ |
| लुम्बिनी प्रदेश | नेपाली कांग्रेस | १ | ० | ० | १ |
| | नेकपा (एस) | १ | ० | ० | १ |
| | राष्ट्रिय जनमोर्चा | १ | ० | ० | १ |
| कर्णाली प्रदेश | नेपाली कांग्रेस | १ | ० | ० | १ |
| | माओवादी केन्द्र | १ | ० | ० | १ |
| | नेकपा (एस) | १ | ० | ० | १ |
| सुदूरपश्चिम प्रदेश | नेपाली कांग्रेस | १ | ० | ० | १ |
| | माओवादी केन्द्र | १ | ० | ० | १ |
| | नेकपा (एस) | १ | ० | ० | १ |
| | जम्मा | १८ | १ | १ | १८ |

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल सम्मिलित पाँच दलीय गठबन्धन मधेशविरोधी रहेको राष्ट्रियसभा चुनावमा प्रष्टिएको छ । सत्तारूढ पाँच दलीय गठबन्धनको तर्फबाट जम्मा एक जना मधेशी उम्मेद्वार देखिएका थिए । त्यो पनि मधेश प्रदेशबाट जसपाको उम्मेद्वारको रूपमा मोहम्मद खालिद रहेका थिए । गठबन्धनका अन्य दलहरू नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एस) र राष्ट्रिय जनमोर्चाले एक जना पनि मधेशी उम्मेद्वार खडा गरेनन् । बुधबार राष्ट्रियसभा सदस्यको निर्वाचन सम्पन्न भएको छ । जसबाट १९ जना राष्ट्रियसभा सदस्यमा निर्वाचित भएका छन् ।

*निर्वाचित सदस्यको नामावली पृष्ठ ५ मा*

# मधेशमा किन बढ्यो जनसंख्या ?

## मधेश श्रोतसाधन र सम्भावनामा धनी भएकैले पहाड र हिमाललाई पालिरहेको छ

केन्द्रीय तथ्यांक विभागले राष्ट्रिय जनगणना २०७८ को संक्षिप्त नतिजा प्रकाशन गरेको छ । नतिजाअनुसार हिमालमा जनसंख्या घटेको छ । १० वर्षयता पहाडमा बसोबास गर्ने जनसंख्या केही बढे पनि प्रतिशतको हिसाबले घटेको छ । तर मधेको जनसंख्या ५०.२७ प्रतिशतबाट बढेर ५३.६६ प्रतिशत पुगेको छ ।

१० वर्ष पहिले अर्थात् २०६८ सालमा हिमाली भेकमा १७ लाख ८१ हजार ७९२ जना (६.७३ प्रतिशत) मानिस बस्थे । अहिलेको जनगणना अनुसार हिमाली भेकमा १७ लाख ७८ हजार १०४ जना (६.०९ प्रतिशत) मात्र बसोबास गर्दछन् । अर्थात १० वर्षमा हिमाली भेगमा ३६८८ जनसंख्या घटेको छ ।

पहाडमा १० वर्ष अगाडि कुल जनसंख्याको ४३.०१ प्रतिशत मानिसहरू बसोबास गर्दै आएका थिए । अहिले पहाडमा ४०.२५ प्रतिशत जनसंख्या मात्रै बसोबास गरिरहेको जनगणनाले देखाएको छ । करिब ३ प्रतिशत जनसंख्या पहाडबाट मधेशमा बसाइँ झरेको छ । कुल जनसंख्याको प्रतिशतमा ३ प्रतिशत कम देखिए पनि संख्याको हिसाबले पहाडी जिल्लाहरूमा केही संख्या बढेकै देखिन्छ । १० वर्षअघि पहाडको जनसंख्या १ करोड १३ लाख ९४ हजार ७ थियो । अहिले १ करोड १६ लाख ४८ हजार ५४८ जना मानिसहरू पहाडी जिल्लामा बसोबास गरेको देखिन्छ । अर्थात् १० वर्षको अवधिमा पहाडमा करिब अढाइ लाख, अर्थात २ लाख ५४ हजार ५४१ जना मानिसहरू थपिएका छन् ।

**मधेशको चापमा वृद्धि**

मधेशको हकमा कुरा गर्ने हो भने जनसंख्याको चाप विगतमा भन्दा झनै बढेको छ । सुविधा खोज्दै अधिकांश मानिसहरू मधेशमा बसाई सर्ने क्रमले गर्दा यहाँको जनसंख्या बढेको सहजै अनुमान गर्न सकिन्छ । २०६८ सालमा मधेशमा १ करोड ३३ लाख १८ हजार ७०५ जना मानिसहरूको बसोबास थियो । अहिले यो संख्या बढेर १ करोड ५६ लाख ६५ हजार ८२८ पुगेको छ । अर्थात, १० वर्षमा मधेशमा २३ लाख ४७ हजार १२३ जनसंख्या थपिएको छ । यो भनेको मधेशमा वार्षिक लगभग १ लाख ९५ हजार मानिसहरू थपिनु हो ।

भौगोलिक क्षेत्रअनुसार कुल जनसंख्याको वितरणमा मधेशको अंश २०६८ सालको तुलनामा २०७८ मा वृद्धि भएको देखिएको छ । २०६८ सालको जनगणनामा मधेशमा कुल जनसंख्याको ५०.२७ प्रतिशत हिस्सा रहेकोमा २०७८ मा वृद्धि भई ५३.६६ प्रतिशत पुगेको छ । हिमाली क्षेत्रमा कुल जनसंख्याको ६.७३ प्रतिशत अंश रहेकोमा २०७८ मा केही कम भई ६.०९ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी पहाडी क्षेत्रमा २०६८ मा ४३.०१ प्रतिशत अंश रहेकोमा हाल ४०.२५प्रतिशतमा झरेको छ ।

### प्रदेश अनुसार जनसंख्या वृद्धिदर र परिवर्तन

प्रदेशअनुसारजनसंख्यावृद्धिदर परिवर्तन

| क्षेत्र | जनसंख्या | | वृद्धिदर | दश वर्षमा भएको | |
|---|---|---|---|---|---|
| | २०६८ | 2078 | | परिवर्तन | प्रतिशत |
| प्रदेश१ | ४५३४९४३ | ४९७२०२१ | ०.८८ | ४३७०७८ | ९.६४ |
| मधेशप्रदेश | ५४०४१४५ | ६१२६२८८ | १.२० | ७२२१४३ | १३.३६ |
| बागमतीप्रदेश | ५५२९४५२ | ६०८४०४२ | ०.९२ | ५५४५९० | १०.०३ |
| गण्डकीप्रदेश | २४०३७५७ | २४७९७४५ | ०.३० | ७५९८८ | ३.१६ |
| लुम्बिनी प्रदेश | ४४९९२७२ | ५१२४२२५ | १.२५ | ६२४९५३ | १३.८९ |
| कर्णाली प्रदेश | १५७०४१८ | १६९४८८९ | ०.७३ | १२४४७१ | ७.९३ |
| सुदुरपश्चिमप्रदेश | २५५२५१७ | २७११२७० | ०.५८ | १५८७५३ | ६.२२ |
| नेपाल | २६४९४५०४ | २९१९२४८० | ०.९३ | २६९७९७६ | १०.१८ |

प्रदेशअनुसारको जनसङ्ख्या परिवर्तन र वृद्धिदर प्रदेशगत रूपमा जनसङ्ख्याको वितरण हेर्दा सबैभन्दा धेरै जनसङ्ख्या मधेश प्रदेशमा ६१ लाख २६ हजार २८८ र सबैभन्दा कम कर्णाली प्रदेशमा १६ लाख ९४ हजार ८८९ जना रहेको छ जुन समग्रको क्रमश: २०.९९ प्रतिशत र ५.८१ प्रतिशत छ । लैङ्गिक रूपले विश्लेषण गर्दा लैङ्गिक अनुपात सबैभन्दा धेरै मधेश प्रदेशमा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा क्रमश: १०१ र ९० रहेको छ ।

प्रदेशगत रूपमा वार्षिक जनसंख्या वृद्धिदर हेर्दा सात प्रदेशमध्ये सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १.२५ प्रतिशत प्रतिवर्ष र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.३० प्रतिशत प्रतिवर्ष जनसङ्ख्या वृद्धि देखिन्छ । दोस्रो धेरै वार्षिक जनसङ्ख्या वृद्धिदर हुने प्रदेशमा मधेश प्रदेश रहेको छ जसको वृद्धिदर १.२० प्रतिशत प्रतिवर्ष छ । अन्य प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर १.० प्रतिशत भन्दा कम नै रहेको देखिन्छ ।

**किन बढ्यो जनसंख्या**

पहाड र हिमाल क्षेत्रमा बस्ने जनताको नजरमा मधेश सुगम क्षेत्र मानिन्छ ।

मधेशका समथर जिल्लाहरू उब्जाउ जमीन भएकाले राष्ट्रको अन्नको भण्डार मानिन्छ । नेपालको अर्थतन्त्रमा कृषिको योगदान ५ भागमा २ भाग हुन्छ । त्यो मधेशकै योगदानले हो । त्यसैले कृषि उत्पादनको अभिबृद्धिका लागि नै भनेर विगतका सुरूका १० वटा पञ्चवर्षीय योजनाहरूको लगानीमा निरन्तर मधेशका २४ जिल्लाले प्राथमिकता पाएको हो । बागमती, नारायणी, कोशी, गण्डकी, भैरहवा लुम्बिनी, वाणगंगा, बबई, महाकालीजस्ता सिंचाई आयोजनाहरू मधेशमै बने । मधेशभित्रै एक हजार किमी लामो महेन्द्र राजमार्गलगायत सबै जिल्ला सदरमुकामहरू जोड्ने महत्वपूर्ण पीच सडकहरू छन् । काठमाडौं छाडेर, विराटनगर, वीरगञ्ज, गैडाकोट, बुटवल, नेपालगञ्जमा स्थापित हजारौं उद्योगहरू त्यही छन् । क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल, जिल्लास्तरका दर्जनौं अस्पतालहरू, हजारौं विद्यालय, पचासौं क्याम्पसहरू, बैंकहरू, विद्युत प्रशारण लाइन, टेलिफोन, सेलफोन, बस, ट्रक, रिक्सा, साइकल, एक्का, मोटरसाइकल, जीप, टिभी प्रशारण सुबिधा, एफएम रेडियो, पत्रिका, अखबार, इमेल, इन्टरनेटजस्ता पूर्वाधार वा अन्य भौतिक सेवासुबिधा उपलब्ध हुनाले स्थानीय रोजगारीको पहुँच एवं अवसर त्यही घनिभूत छन् । भारतीय सीमासँगको सामीप्य र भौतिक पूर्वाधारले जोडिएका कारणबाट सस्तोमा, शिक्षा, स्वास्थ्य एवं दैनिक उपभोगका वस्तुहरूको उपभोग गर्न पाउनुका अतिरिक्त कृषिसाधन तथा उत्पादनका लागि बजार पाउने सौभाग्य दशकौंदेखि मधेशबासीले पाएका छन् । मधेशका प्राय: सबै गाउँहरूमा कच्ची नै भएपनि सडक सञ्जालले जोडिएका छन् । बस, ट्रक, गाडा, मोटरसाइकल, साइकल, ट्रेक्टरजस्ता आम सवारीसाधन निरन्तर चलिरहेका हुन्छन् । सुबिस्ता र सुगमताले पहाड र हिमालबाट मधेशका अत्याधिक बसाइँसराइ भएको छ ।

देशको भूमिमध्ये पहाड, हिमालले ७७ प्रतिशत र समथर मधेशले करिब २३ प्रतिशत ओगट्छ । देशको कूल क्षेत्रफलको करिब १७ प्रतिशत जमीन खेतियोग्य छ । यसमा सिंचाई गर्न सम्भव हुनेखालका कूल १७ लाख हेक्टर जमीन पनि पर्छ । यसमध्ये ३ लाख हेक्टर (१३ प्रतिशत) सिंचाईयोग्य भूमागमात्र हिमालपहाडमा छ । यही १३ प्रतिशत जमीनको उत्पादनबाट ५१ पहाडी जिल्लाका ५२ प्रतिशत बासिन्दालाई मुस्किलले आधा वर्ष खान पुग्छ । सरकारद्वारा निर्मित सिंचाई आयोजनाबाट पुऱ्याइने सिंचाई सुविधामध्ये १० प्रतिशतमात्र पहाडका भूमि सिञ्चित हुन्छन्, बाँकी मधेशमा हो ।

आर्थिक प्रगतिको सबैभन्दा ठूलो आधारभूत मेरूदण्ड सडक हो । यद्यपीले नेपालमै सडकको पूर्ण विकास अहिलेसम्म भइसकेको छैन । पहाडी जिल्लामा ९५ प्रतिशत सडक कच्ची छन् । तिनमा सदरमुकामसम्म हिउँदका छ-सात

*बाँकी अन्तिम पृष्ठमा*

## मधेश राज्य प्राप्त भएपनि स्वायत्तताको संघर्ष जारी छ : अध्यक्ष ठाकुर



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरले प्रदेशको नामकरण मधेस भएपछि खुसी व्यक्त गरेका छन् । सोमबार जनकपुरधाममा लोसपाले आयोजना गरेको अगुवा नेता कार्यकर्ता भेलामा बोल्दै अध्यक्ष ठाकुरले मधेस नामकरणबाट इतिहास रचेको बताएका हुन् ।

उनले मधेस ८ वटा जिल्लामा सीमित नभएको समेत बताए । उनले भने, 'मधेसी संस्कृति बोकेका पूर्वदेखि पश्चिमसम्मको सम्पूर्ण भू-भाग मधेस हो ।' उनले भने, 'मधेस ८ जिल्लामा मात्रै सीमित रहेको भनेर बुझ्नु हुँदैन । पूर्वदेखि पश्चिमसम्म मधेसी संस्कृति र जीवन पद्धति बोकेको सबै क्षेत्र मधेस हो । तर एक राज्यको रूपमा तपाईंहरूले मान्यता प्राप्त गर्नुभएको हो ।'

उनले राष्ट्रका लागि भाषा र संस्कृति मात्र पर्याप्त नभएर आफ्नो राज्य पनि जरूरी रहेको बताए । मधेस राज्य प्राप्त भएपनि स्वायत्तताको संघर्ष जारी नै रहेको उनले बताए । अहिले पनि सबै अधिकार केन्द्रसँगै रहेकाले स्वायत्तता प्राप्तिका लागि संघर्ष आवश्यक रहेको बताए । उनले, 'स्वायत्त मधेस प्रदेश बनाउने सरकारसँग भएको हाम्रो सम्झौता अझै पूरा भएको छैन ।'

## जनमत पार्टीका कार्यकर्तालाई कारवाही गर्न निर्देशन

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरमा जनप्रतिनिधिको सवारी साधन तोडफोड गर्ने जनमत पार्टीका कार्यकर्तामाथि कारवाही गर्न प्रदेश सरकारले निर्देशन दिएको छ ।

मधेश प्रदेश सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रशाद साहले बुधबार प्रेस विज्ञप्ती जारी गरी राष्ट्रियसभा निर्वाचनका लागि मतदान गर्न जनकपुरधाम आएका जनप्रतिनिधिको सवारी साधनमा गरिएको तोडफोड एवं हिंसाजन्य गतिविधिप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।



पूर्व घोषित विरोधका कार्यक्रम नरहेको अवस्थामा पनि जनमत पार्टीका कार्यकर्ताले प्रदेशसभा सदस्य अशोक यादव, हरिवन नगरपालिकाका प्रमुख, उपप्रमुख, जलेश्वर अस्पतालका मेसु डा सतिश साहलगायतका सवारी साधन तोडफोड गर्नुका साथै सांघातिक आक्रमण गरेको घटनाको वास्तविक छानविन गरी सम्बन्धित जनप्रतिनिधि एवम् चिकित्सकलाई क्षतिपूर्ति उपलब्ध गराउन एवं दोषी उपर कारवाही गर्न तालुक निकायलाई निर्देशित गरिएको विज्ञप्तीमा उल्लेख छ ।

घाइतेको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास राखी अहिंसात्मक तवरबाट आफ्नो विचार एवं अभिमत प्रकट गर्नसमेत जनमत पार्टीलगायत सम्बद्ध सबैमा उनले आग्रह गरेका छन् ।

यस्तै मधेश प्रदेशमा राष्ट्रियसभाको निर्वाचन बिथोल्न खोजेको आरोपमा जनकपुरधामबाट पक्राउ परेका जनमत पार्टीका सात कार्यकर्तामाथि प्रहरीले कानुनी कारवाही अघि बढाउने भएको छ । जनमतका कार्यकर्ताहरूले किसान आन्दोलनको नाउँमा बाँसको भाटासहित मतदान स्थलमा प्रवेश गर्न खोज्दा प्रहरीसँग झडप भएको थियो ।

यसैबीच राष्ट्रियसभाको चुनावमा अवरोध गर्ने क्रममा तोडफोडमा उत्रिएका जनमत पार्टीका सात कार्यकर्ता पक्राउ परेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा धनुषा औरही गाउँपालिका-५ का

*बाँकी अन्तिम पृष्ठमा*

## जनमतद्वारा मधेश प्रदेश सरकारलाई ११बुँदे ज्ञापन

जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले मधेश प्रदेश सरकारलाई किसान आन्दोलनका ११ बुँदे मागहरूसहित ज्ञापनपत्र बुझाएको छ । बुधबार जनमत पार्टीका उपाध्यक्ष ई.बसन्त कुशवाहाको नेतृत्वमा मधेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ज्ञापनत्र बुझाइएको हो । किसानको माग सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मलखाद्य र बीउको व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने, सिंचाइको व्यवस्था गर्नुपर्ने, नसके सिंचाइ बिजुली नि:शुल्क गर्नुपर्ने, बेमौसमी हावाहुरी र वर्षाले भएको बालीनाली क्षति वापत राहत दिनुपर्ने, फसलको उचित समर्थन मूल्य निर्धारण गर्नुपर्ने, उखु किसानको बाँकी बक्यौता भुक्तानी गर्नुपर्ने मागहरू ज्ञापनपत्रमा राखिएको छ । यस्तै, किसान कार्डको व्यवस्था गर्नुपर्ने, किसानको लागि पनि पेन्सनको व्यवस्था गर्नुपर्ने, स्वत: बालीनाली बीमा हुने सुनिश्चितता गर्नुपर्ने, किसानमाथि दमन बन्द गरी झुठा मुद्दा खारिज गर्नुपर्ने र गिरफ्तार आन्दोलनकारीहरूलाई नि:शर्त रिहा गरी मुद्दा खारिज गर्नुपर्ने माग जनमतले प्रदेश सरकारसँग गरेको उपाध्यक्ष कुशवाहाले जनाएका छन् ।

# मधेश प्रदेश र गजेन्द्र नारायण सिंह

नेपाली राजनीतिमा मधेश राजनीतिलाई स्थापित गराउने व्यक्ति हुन् गजेन्द्रनारायण सिंह । झन्डै आधा जनसंख्या ओगटेको समुदाय आफ्नै मुलुकको भूगोलभित्र तमाम भेदभाव, उत्पीडन र अधिकारबाट वञ्चित रहँदै आएको अवस्थामा सिंहले 'मधेशी अधिकार'को सपना जगाइदिए । सम्भवत: राजनीतिमा यो नै सिंहको सर्वाधिक महत्वपूर्ण योगदान हो । नेपालमा सामुदायिक अथवा क्षेत्रीय राजनीतिलाई प्रवेश गराउने श्रेय पनि उनलाई नै जान्छ । सबैभन्दा महत्वपूर्ण उनको उपलब्धी भनेको संघीयता हो र त्यसभित्र पनि मधेश प्रदेश नामक एक प्रदेश/प्रान्त बन्न सफल हुनु हो ।

नेपाललाई संघीयतामा लैजानुपर्ने विचार सिंहकै थियो र त्यसका लागि उनले पार्टी नै स्थापना गरेर नेपाली राजनीतिमा आफ्नो स्थान बनाए । अहिले नेपाल आंशिक संघीयतामा गएको छ । समावेशी र मधेशका विषयलाई नेपाली राजनीतिमा स्थापित गराउने पनि सिंह नै हुन् । नेपालमा विशेषगरी मधेशी, पहाडका जनजाति अधिकार, पहिचान र सामाजिक न्यायका पक्षमा सशक्त आवाज उठाउने मात्र नभई यिनै आधारमा प्रजातान्त्र पुनर्स्थापना पश्चात एक दशक सामाजिक र राजनीतिक आन्दोलनको नेतृत्व गर्ने एक राजनेताको नाम हो, गजेन्द्रनारायण सिंह । यही गएको सोमबार अर्थात् माघ १० गते स्वर्गीय सिंहको बीसौं स्मृति दिवस परेको थियो । गजेन्द्र नारायण सिंह अध्यन केन्द्रले देशव्यापी "मधेश प्रदेश र गजेन्द्र नारायण सिंह" विषयक अन्तरक्रिया आयोजना समेत गऱ्यो ।

अहिले सिंहले स्थापना गरेको नेपाल सद्भावना पार्टी सोहि रूपमा जीवित छैन, उक्त पार्टीसमेत एकीकरण गरेर राजपा नेपाल बन्यो, पछि जसपा नेपाल र त्यसबाट लोसपा नेपाल बन्यो । उहाँले निर्माण गर्नुभएको नेताहरू र स्थापित गर्नुभएको एजेन्डा मुख्यत: जसपा नेपाल र लोसपा नेपालमै छ । तर उहाँको स्मृतिमा उक्त पार्टीहरूले अधिकारिक रूपमा कुनै कार्यक्रम आयोजना गरेनन् । कोहि कोहि नेताहरूले आआफ्नो ढंगले कतै कतै कार्यक्रम गरे । जबकि ठिक यहि बखत उहाँले उठाउँदै आउनु भएको मुद्दाहरूमध्ये आंशिक भएपनि मधेशले पहिचान पाएको छ। तर सबै आआफ़ै क्रेडिट लिन मस्त छन् । यसै बखत अनिल कुमार महासेठको नेतृत्वमा रहेको गजेन्द्र नारायण सिंह अध्यन केन्द्रले "मधेश प्रदेश र गजेन्द्र नारायण सिंह" बिषयक अन्तरक्रिया गर्नु गराउनु महत्वपूर्ण र अर्थपूर्ण रहेको छ ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सिंहले नेपाली कांग्रेबाट अलग भई पूर्वाञ्चल कांग्रेस गठन गरेका थिए । २०४० सालपछि नेपाल सद्भावना परिषद् हुँदै उनले २०४७ साल वैसाख ३ गते नेपाल सद्भावना पार्टी गठन गरे । परिषद्को उद्देश्य स्पष्ट थियो- नेपालको भूगोलभित्रै मधेशी समुदायमाथिको भेदभावको अन्त्य, पहिचान र नागरिक अधिकारसम्पन्न समतामूलक समाज निर्माण । बहुदलीय प्रजातन्त्र आएपछि २०४७ सालमा सिंहले सद्भावना परिषद्लाई सद्भावना पार्टीमा रूपान्तरण गरे । परिषद् स्थापनाका दिनदेखि नै सिंहले मधेशी समुदायमा अधिकारबारे चेतना जागृत गर्ने अभियान सञ्चालन गरेका हुन् । प्रजातान्त्रिक आन्दोलनदेखि नेपालका जनआन्दोलनमा पनि सद्भावना पार्टीको योगदान छ । सात दलीय गठबन्धनको एक हिस्सेदार सद्भावना पनि थियो ।

सन् १९४९ को सत्याग्रह आन्दोलनमा सहभागी भएका सिंह आफ्नै जिल्लामा जेल परेका थिए । सन् १९५० देखि ६० सम्म नेपाली कांग्रेसको जिल्ला अध्यक्ष रहेका सिंह १९६० देखि ७७ सम्म कांग्रेसको केन्द्रीय सदस्य रहे । २०३९ सालमा नेपाली कांग्रेस परित्याग गरी २०४० सालमा नेपाल सद्भावना परिषद् गठन गरी २०४७ सालमा नेपाल सदभावना पार्टी बनाएका थिए । २०४२ सालमा राष्ट्रिय पंचायत सदस्य भएका सिंह २०४८ र २०५१ मा सांसदमा निर्वाचित भएका थिए । सिंहको निधन २०५८ माघ १० गते भएका थियो । २०३८ सालमा सूर्यबहादुर थापा प्रधानमन्त्री भएको बेला प्रधानमन्त्री कार्यालबाट डा. हर्कबहादुर गुरूङको संयोजकत्वमा बसाइ सराई आयोग बन्यो । उक्त आयोगले प्रधानमन्त्री कार्यालयमा प्रतिवेदन पेश गरेको थियो । प्रधानमन्त्री थापा र राजदरबारबीचको खटपटले गर्दा २०४० सालमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री भएका थिए । चन्दको कार्यकालमा गुरूङको प्रतिवेदन सार्वजनिक भयो । उक्त प्रतिवेदन मधेश र मधेशी विरोधी भएको भन्दै विरोध भयो ।

२०४० सालदेखि २०४७ सालसम्म परिषद् भूमिगत थियो । २०४७ सालमा दर्ता भएको नेपाल सद्भावना पार्टी २०४७ मंसिर ८ गते काठमाण्डौको टुडिखेलमा नेपाल सद्भावना पार्टीको आमसभा भएको थियो । उक्त आमसभा राज्यद्वारा विथोलिएको थियो भने मधेशी नेताहरूमाथि कुटपिट भएको थियो । उक्त आमसभामा मधेशीहरू उपर भएको सम्प्रादायिक हमला एवं राज्य अतंकबाट आजित भएर गजेन्द्र बाबुले 'यो प्रजातन्त्र मधेशी एवं पहाडका जनजातीहरूको लागि आउँदै नआएको टिप्पणी गर्दै' निम्नानुसारको पाँचबुंदे माग अगाडि सारी संघर्षका कार्यक्रम तय गरेका थिए ।



**सन्तोष मेहता**

१. जनसंख्याको आधारमा प्रत्येक समुदायका लागि निर्वाचन क्षेत्र आरक्षित हुनुपर्ने एवं जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण हुनुपर्ने ।

२. मधेशीको र मधेश एवं पहाड विचको सम्पर्क भाषाको रूपमा रहेको हिन्दी भाषालाई मान्यता दिनुपर्ने ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# मधेशमा जनसंख्याको चाप

केन्द्रीय तथ्यांक विभागले बुधबार राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा सार्वजनिक गरेको छ। जसअनुसार कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० पुगेको छ।

कुल जनसंख्यामा १ करोड ४२ लाख ९१ हजार ३ सय ११ जना ( ४८.९६ प्रतिशत) पुरूष छन्। महिलाको संख्या १ करोड ४९ लाख १ हजार १ सय ६९ (५१.०४ प्रतिशत रहेको छ। नयाँ तथ्यांक अनुसार १ सय महिलाको अनुपातमा ९५.९१ जना पुरूष देखिन्छ।

भौगोलिक विभाजन अनुसार मधेशमा जनसंख्याको आधा भन्दा बढी जनसंख्या रहेको देखिएको छ। तथ्यांक अनुसार मधेशमा १ करोड ५६ लाख ६५ हजार ८ सय २८ जना मानिस रहेका छन्। यो कुल जनसंख्याको ५३.६६ प्रतिशत हो। २०६८ मा यहाँ मात्र ५०.२७ प्रतिशत जनसंख्या थियो। पहाडमा १ करोड १७ लाख ४८ हजार ५ सय ४८ जना बसोबास गर्छन्। यो कुल जनसंख्याको ४०.२५ प्रतिशत हो। हिमाली भेगमा १७ लाख ७८ हजार १ सय ४ जना मानिस बस्छन्। यो कुल जनसंख्याको ६.०९ प्रतिशत हो।

तथ्यांक अनुसार जनसंख्या सबैभन्दा बढी मधेश प्रदेशमा पाइएको छ। मधेश प्रदेशमा २०.९९ प्रतिशत र सबैभन्दा कम कर्णालीमा ५.८१ प्रतिशत जनसंख्या रहेको छ। बागमतीमा २०.८४ जनसंख्या छ। प्रदेश अनुसार सबैभन्दा बढी जनघनत्व मधेश प्रदेशमा ६३६ रहेको छ। जनघनत्व प्रति एक वर्गकिलोमिटरमा बसोबास गर्ने जनसंख्याको औसत हो।

मधेशमा बसाइँसराइको चापलाई रोक्ने उपायको पहिचान गर्नु अहिलेको मुख्य चुनौती हो। बसाइँसराइ स्वाभाविक भए पनि त्यसले एकातिर मधेशमा थेग्नै नसकिने भार बढाएको छ भने अर्कोतिर पहाड-हिमालमा जनघनत्व पातलिएर खेतबारी बाँझो हुँदैछन्।

जनसंख्याको नतिजाले मधेशमा जनसंख्या वृद्धि भएको देखिएको छ। मधेशमा जनसंख्या बृद्धिको कारण यसमा बसाइँसराइ गरेर आएकाहरूको भूमिका, मधेशमा बसोबास गर्नेमध्ये पहाडी र मधेशीमूलको अन्तर, फरक जाति-समुदायको वृद्धिदर आदि हुन तर यी सबको विश्लेषण नगरेसम्म मधेशका आजका मुद्दाहरूको तस्वीर प्रष्ट हुँदैन।

मधेशमा बसाइँसराइको चापलाई रोक्ने उपायको पहिचान गर्नु अहिलेको मुख्य चुनौती हो। बसाइँसराइ स्वाभाविक भए पनि त्यसले एकातिर मधेशमा थेग्नै नसकिने भार बढाएको छ भने अर्कोतिर पहाड-हिमालमा जनघनत्व पातलिएर खेतबारी बाँझो हुँदैछन्। यसबाट परम्परागत उत्पादन प्रणाली पनि ध्वस्त हुँदैछ। सन्तुलित क्षेत्रीय विकासको अवधारणा विपरीत अहिले भइरहेको अभ्यासले बढी जनघनत्व र विकास भएकै ठाउँमा सुविधा र अवसर केन्द्रित गरेको छ। सन्तुलित विकासमा जनसंख्याको चाप एकैठाउँमा रहँदैन। त्यसैले मधेशको बसाइँसराइको चापको असर अबका १०-२० वर्षपछि डरलाग्दो रूपमा देखिनेछ। यसलाई अब मधेशमा निर्वाचन क्षेत्र थपघट गर्ने हिसाबले मात्रै होइन, विकास र वितरण प्रणालीका दृष्टिले पनि हेरिनु पर्ने जरूरी देखिएको छ।

अब पहाड-हिमालबाट मधेशमा भइरहेको बसाइँसराइ रोक्ने कार्यक्रम अपरिहार्य भएको छ। मधेशमा जनसंख्या बढ्दै जानु र पहाड तथा हिमालमा घट्नुले पनि असन्तुलित विकास नै देखाउँछ। राज्यले अब पहाड-हिमाल जस्तै मधेशलाई पनि मुख्य प्राथमिकतामा राख्ने नीति बनाएर कडाइसाथ लागू गर्नुपर्छ। अबको एक दशकमा मधेशको जनसंख्याको चापलाई सहि ढंगले व्यवस्थापन गर्न सकिएन भने विध्वंस निम्त्याउने खतरा रहन्छ।

# कुटनीति असन्तुलनमा राजनीतिको भविष्य

**विचार-विश्लेषण** भाग-११८



उपेन्द्र झा

नेपालमा जति अनुपातमा अमेरिकाले शक्ति बढाउँछ, सोही अनुपातमा चीनले पनि शक्ति बढाउने कुरा सार्वजनिक भएको छ। अमेरिकाले नेपालमा सिविल सेना प्रवेश गराएको चर्चाको प्रत्युत्तरमा चीनियाँ सेना नेपाल पठाउने व्यापक चर्चा हुँदैछ। चीनको अमेरिकासँग र चीनको भारतसँगको तनाव युद्धको तयारीसम्म पुगेको स्पष्ट छ। यो तनावको शिकार नेपाल हुने सम्भावना बढ्दै गएको देखिन्छ। यसमा नेपाली राजनीतिकर्मीहरूको भूमिका कहीं देखिदैन।

एक अर्काका कार्ड देखाएर छिमेकीहरूलाई नियन्त्रित राखी लाभ लिने राजनीतिकर्मीको संस्कार सधैं एकै नाशको दाउमा सफल नहुने कुरा सोचभन्दा बाहिर रहेकोले अहिले असफलताको परिणाम सामुन्ने आउँदा आत्तिनु स्वाभाविक हो। राजनीतिलाई तरल बनाएर रमाउने राजनीतिकर्मीहरूको संस्कारमा किञ्चित परिवर्तन नगरी छल, प्रपञ्च, जाल, फरेब र धोखाको आधारमा राजनीति गर्दा यो चिरस्थायी नहुने समयले देखाइसकेको हुँदा पनि त्यहीं धृष्टताको पुनरावृति हुनु दुःख लाग्दो कुरा हो। राजनीतिक पृष्ठभूमिले चारैतिर अराजक, असन्तुष्टताको परिस्थिति सृजना गरेकोले कुनै पार्टी नेपाली राजनीतिलाई सहज अवस्थामा ल्याउला भन्ने जन विश्वास हराउँदै गएको छ। देश दिनानुदिन असहज बन्दै गएको छ।

छिमेकीहरूको सम्बभन्धमा चिसोपना बढ्दै गएको छ। कूटनैतिक सम्बन्धमा अविश्वास तीव्र रूपले प्रविष्ट गरि रहेको छ। एक अर्काको कार्ड फ्याँकेर छिमेकीसंग अस्थाई लाभकारी सम्बन्ध स्थापित गर्ने राजनीतिकर्मीहरू अहिले बुनेको आफ्नै जालमा फँसेका छन। एउटै वस्तुको समयान्तरमा स्वार्थ बमोजिम परिभाषा गराईले राजनीतिकर्मीहरूलाई जनताले विश्वास गर्न छाडेका छन। अहिले राजनीतिक एजेण्डाको रूपमा आएको एमसीसीलाई पास गर्ने कि फाल्ने विषयमा कुनै पार्टीको धारणा स्पष्ट छैन।

दुईतिहाईको एमाले सरकार सत्तामा हुँदा एमसीसी पास गराउन कसरत गरि रहेका केपी शर्मा ओली प्रतिपक्षमा पुग्दा एमसीसीको विपक्षमा देखिएका छन। एमसीसी पास गर्न आफूसंग गठबन्धन बनाउन प्रधानमन्त्री शेरबहादुर देउवालाई दिइरहेको दबाव सत्ता गठबन्धन तोड्ने प्रयासभन्दा फरक अरू केही होइन। एमसीसीको बहानामा आफ्नो स्वार्थ सिद्ध गर्न चाहने एमालेको दाउलाई प्रधानमन्त्री शेरबहादुर देउवाले राम्ररी बुझेका छन्।

सत्तासीन नेपाली काँग्रेस एमसीसी पास गराउन स्पष्ट धारणा राखेका छन भने गठबन्धनमा रहेका माओवादी, एकीकृत समाजवादी द्वैध विचारमा संघर्ष गरि रहेका छन भने जसपाका कार्यकारी अध्यक्ष उपेन्द्र यादव एमसीसीको विपक्षमा उभिएका छन् भने सोही पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई एमसीसीको पक्षमा वकालत गरिरहेका छन्। एउटै पार्टीभित्र दुई फरक विचार कडा प्रतिस्पर्धीको रूपमा देखिएको छ। दुबै एक अर्कालाई सहमत गराउन सक्ने अवस्थामा नरहेकोले त्यो पार्टी टुट्ने सम्भावना बढी छ।

बेला बेलामा भारतको विरोध गरी अन्धराष्ट्रवादी शक्तिलाई संगठित पारी राजनीतिक फायदा लिन पल्केकाहरूले भारतसँगको मधुर मैत्री कूटनीतिक सम्बन्धको सन्तुलन कायम राख्न चाहँदैन। लाभकारी स्वार्थ बमोजिम तोड्ने बनाउने कारणले भारतसँगको सम्बन्ध तनावपूर्ण अवस्थामा नै रहेको विगत ७ वर्षको अनुभवले देखाएको छ। त्यस्तै चीनसँगको कूटनीतिक सम्बन्धलाई अस्थिर अवस्थामा राखिएको छ। मन लागे गहिरो सम्बन्ध बनाउने, नलागे तोडी दिने। यस प्रकार चीनसँग पनि कूटनीतिक सम्बन्ध मधुर छैन। भारतको विरोध गरेर चीनसँग असीमित स्वार्थ लाभ प्राप्त गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको हास्यास्पद राजनीतिक अभिनय कसैबाट लुकेको छैन। दुई तिहाईको बहुमत पनि चीनकै कृपाले प्राप्त भयो। भारतबिना पनि तेश्रो मुलुकबाट सामान ल्याएर देखाउन सक्ने वीर साहसी प्रधानमन्त्री केपी शर्मा ओलीले पछि चीनको गहिरो विश्वासलाई तोड्दै भारतसँग सम्बन्ध मधुर बनायो। केपी शर्मा ओली मातृ संस्थामा फर्केपछि चीनले नेपालको कम्युनिष्टलाई बडो तीखा व्यंग्य गरेको थियो। नेपालमा चीनले विश्वास गर्ने एउटा पनि कम्युनिष्ट नरहेको अवस्थामा त्यो विश्वास उपेन्द्र यादवमाथि केन्द्रित भयो। क्षेत्रीय पार्टी नै भएपनि चीनले उपेन्द्र यादवलाई नै विश्वास गर्न बाध्य भयो।

चीन र भारत जस्तै अमेरिका र ईयूले पनि नेपालमा आफ्नो दह्रो पकड बनाएर राखेको छ। अमेरिकाले एमसीसी पास गराएर छाड्ने उसको चट्टानी अडानप्रति सबैलाई जानकारी रहेपनि सबैले द्वैध मानसिकता पालेका छन्। अप्ठ्यारो परे पास गर्ने नपरे विरोध गर्ने ढुलमुल विचार राख्ने दलहरू देशको राजनीतिलाई स्वतन्त्रतापूर्वक अगाडि बढाउन कठीन छ। ताक परे तिवारी नत्र गोतामे जस्तो चरित्रले देशको स्वाभिमानको रक्षा गर्न सम्भव नरहेको स्पष्ट छ।

राजनीतिक चक्रव्यूहमा खेलिने खेलहरूका मुख्य पात्र नेपाली काँग्रेस र एमालेका संदिग्ध गतिविधिबाट सशंकित भएका नागरिकहरू एमसीसीको विरोधमा सडकमा उर्लेका छन्। तिनको आवाज पहाड फुटाउने जस्तो भयो भने यिनीहरू आन्दोलनको राप ताप देखाएर आफ्नो इज्जत जोगाउन सफल हुन्छन्, होइन भने एमसीसी पास गर्नेतिर जान्छन्।

चारै महाशक्ति देशको पूर्ण प्रभावमा रहेको नेपाली राजनीतिका रोबोट नेताहरूले देशको स्वाभिमानबारे कुरा गर्दा हास्यास्पद लाग्छ। दरिद्र मानसिकता लिएर जन्मेका राजनीतिकर्मीहरू देशले भोगिरहेको दयनीय पीडालाई अनुभूत गर्न सकेका छैनन्। लामो कालदेखि आफ्नै स्वार्थमा लीन भएकाहरू अब धेरै भयो, देशको लागि पनि केही गर्नु पर्दछ भनेर दिव्यज्ञान नहुने खलपात्रबाट देशले के पाउने ? शक्ति देशका मौसमी गुलामहरू निर्विकल्प राजनीतिक शक्तिको रूपमा अहिले राजनीति कब्जा गरेका छन् जसको रिमोट कन्ट्रोल शक्ति देशको हातमा छ। स्वार्थ पूरा गर्ने शक्ति देशको इशारामा हिंड्ने परजीवी राजनीतिकर्मीहरू मौसम अनुसार खेमा परिवर्तन गरिरहन्छन।

बडो सरल तरिकाले कार्ड प्ले गर्ने नेपालका राजनीतिकर्मीहरूका लागि अहिले नेपालका लागि राजनीतिक परिस्थिति जटिल बन्दै गएको छ। विगतकालमा नेपालमा गहिरो राजनीतिक प्रभाव जमाउन सफल चीन अहिले टुहुरो अवस्थामा रहेको छ। केन्द्रीय राजनीतिमा पकड खस्किएको अवस्था तथा एमसीसी पास गराउन सक्रिय अमेरिकाको बढदो प्रभावले चीनलाई क्रुद्ध बनाएको छ। भारतसंग पुनश्च तनाव बढेको छ।

नेपालमा जति अनुपातमा अमेरिकाले शक्ति बढाउँछ, सोही अनुपातमा चीनले पनि शक्ति बढाउने कुरा सार्वजनिक भएको छ। अमेरिकाले नेपालमा सिविल सेना प्रवेश गराएको चर्चाको प्रत्युत्तरमा चीनियाँ सेना नेपाल पठाउने व्यापक चर्चा हुँदैछ। चीनको अमेरिकासँग र चीनको भारतसँगको तनाव युद्धको तयारीसम्म पुगेको स्पष्ट छ। यो तनावको शिकार नेपाल हुने सम्भावना बढ्दै गएको देखिन्छ। यसमा नेपाली राजनीतिकर्मीहरूको भूमिका कहीं देखिदैन। आफ्नो देशको स्वाभिमानको रक्षाका लागि भूमिका स्पष्ट पार्न पनि आँट देखाउन को आउने जनता हेर्न चाहन्छन्।

janukjha24@gmail.com

# मधेश प्रदेशमा प्रशासनिक र सचिवालयको भवनका लागि जग्गा खोजी

जनकपुर। जनकपुरधाम स्थायी राजधानी भएपछि मधेश प्रदेश सरकारले आफ्नो प्रशासनिक तथा प्रदेशसभा सचिवालयको भवन निर्माणका लागि जग्गा खोज्न थालेको छ।

राजधानी क्षेत्रभित्र आफ्नो प्रशासनिक र प्रदेशसभा सचिवालय भवन निर्माणका लागि जग्गा खोजी गर्न प्रदेश सरकारले विज्ञ टोली गठन गर्न लागेको हो। प्रदेश सरकारको आफ्नै प्रशासनिक भवन नहुँदा जनकपुर चुरोट कारखाना लिमिटेडको परिसरमा रहेको भवन मर्मत सम्भार गरी आफ्ना काम/कारबाही सञ्चालन गर्दै आएको छ भने प्रदेशसभा सचिवालयको कार्यालय शैक्षिक तालिम केन्द्रको भवनमा सञ्चालन भइरहेको छ।

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रमुखको कार्यालय र मन्त्रीको आवाससमेत रहेका जनकपुर चुरोट कारखाना परिसरको भवनलाई प्रदेश सरकारले नै 'मधेश भवन' नामाकरण गरेको छ। प्रदेशसभा स्थापना भएको करिब ४ वर्षपछि माघ ३ गते प्रदेशको नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम पारित भएसँगै प्रदेश सरकारले आफ्नो भवन र प्रदेशसभा सचिवालयका लागि जग्गाको खोजी सुरू गरेको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिलामन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए।

प्रदेश सरकारको प्रशासनिक र आवास भवन तथा मातहतका कार्यालयको स्थायी संरचना निर्माणका लागि जग्गाको खोजी गरी अध्ययन प्रतिवेदन तयार गर्न छिट्टै विज्ञ टोली गठनको तयारी गरेको प्रवक्ता मन्त्री साहले बताए। 'हामीले प्रदेश सरकारको प्रशासनिक भवन निर्माणका लागि प्रदेश राजधानी क्षेत्रभित्र जग्गा खोजी गरिरहेका छौं', उनले भने,'गठन हुने विज्ञ टोलीले उपयुक्त जग्गाको खोजी गरी कुन ठाउँमा कुन भवन बनाउने भन्ने सुझावसहितको अध्ययन प्रतिवेदन बुझाउँछ।' सो टोलीले बुझाउने प्रतिवेदनकै आधारमा डिपीआर तयार गरी भवन निर्माणको काम अघि बढाइने मन्त्री साहको भनाइ छ।

प्रदेश सरकारको मन्त्रालय, मन्त्रीको आवास भवन, मातहतका कार्यालयको स्थायी संरचना निर्माणका लागि जग्गा छनोट हुन नसकेपनि प्रदेश सरकारले विगत तीन आर्थिक वर्षदेखि बजेट विनियोजन गर्दै आएका छन्। तर प्रदेशको नाम र स्थायी राजधानी टुङगो लाग्न नसक्दा उक्त बजेट कार्यान्वयनमा आउन नसकेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले प्रशासनिक भवन निर्माणका लागि जग्गा खरिद गर्न गत आर्थिक वर्ष २०७६/७७ मा रू २५ करोड र चालू आर्थिक वर्ष २०७८/७९ मा रू चार करोड बजेट विनियोजन गरेको छ। तर प्रदेशको राजधानी कहाँ हुने हो भन्ने अन्योलताका कारण जग्गा खरिद हुन नसकेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

अब प्रदेशको राजधानी जनकपुरधाम टुङगो लागेकाले भवन निर्माणका लागि जग्गा खोजीको कार्य भइरहेको र उपयुक्त जग्गा पाइएपछि खरिद गरिने योजना रहेको मन्त्री साहले बताए। 'प्रदेशको स्थायी राजधानी टुङगो नलागेसम्म स्थायी संरचना निर्माण गर्न कानुनी जटिलता भएकाले समस्या हुँदै आएको थियो', आन्तरिक मामिला तथा कानुनमन्त्री प्रमोदकुमार यादवले भने, 'प्रदेशको नाम र राजधानी निश्चित भएपछि स्थायी संरचना बनाउने बाटो खुलेको छ।' अब प्रशासनिक भवन, आवासलगायतका स्थायी संरचना निर्माणको काम अघि बढ्ने उनको भनाइ छ।

प्रदेश सरकारले प्रदेशको राजधानी सिमाक्षेत्रभित्रै जग्गाको खोजी गरिरहेको छ। यो बिचमा सरकारको प्रशासनिक भवन निर्माणका लागि जनकपुरधामस्थित प्रदेशसभा भवन अगाडि पोखरी छेउमा रहेको गुठीको जग्गा, कुवारामपुरमै एयरपोर्ट नजिकै दक्षिणमा रहेको जग्गा र मिथिला नगरपालिकाको ढल्केवर नजिकै करिब ५० बिघा सार्वजनिक जग्गासमेत हेरिसकेको छ। 'जनकपुरधाम राजधानीअन्तर्गत उत्तरमा पूर्व-पश्चिम लोकमार्ग, पूर्वमा कमला नदी, पश्चिममा मिथिला मध्यमा परिक्रमा सडक र दक्षिणमा नेपाल भारत सीमा क्षेत्रसम्म पर्छ', आर्थिक मामिलामन्त्री साहले भने, 'राजधानी सिमाक्षेत्रभित्र जग्गा खोजी गरिरहेका छौं, करिब करिब धेरै ठाउँमा हामीले जग्गा हेरेका छौं।' ती जग्गामध्ये कुन ठाउँ उपयुक्त हुन्छ, ती कुराको सुझाब विज्ञ टोलीले दिन्छ, हामी त्यही आधारमा अगाडि बढ्छौं।'

आफ्नो स्थायी संरचनाको अभावमा प्रदेशस्तरीय अधिकाँश निकाय स्थापना गर्न नसकेको प्रदेश सरकारले छिटो जग्गा खरिद गरी स्थायी संरचना निर्माण गर्नुपर्ने प्रदेशसभा सदस्य रामअशिष यादवले बताए। स्थायी राजधानीको टुङ्गो लागिसकेकाले अब विलम्ब नगरी जग्गाको छनोट गरी प्रशासनिक भवन निर्माणलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ।

# समग्र मधेशमा दुई प्रदेशका लागि संघर्ष जारी छ

**मधेशको नामप्रति हाम्रो पूर्ण सन्तुष्टि छ। मधेश आन्दोलनको माग पनि यही थियो। मधेश आन्दोलनका बेला मधेशका सबै कार्यालयहरू र भित्ता-भित्तामा मधेश सरकार लेखिएको थियो। सबैको चाहना मधेश प्रदेश नै थियो। त्यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा मधेशको पहिचान दिन्छ। मधेशीको जुन चाहना थियो, यो नामले पूरा भएको छ।**



**लक्ष्मणलाल कर्ण**

**प्रतिनिधिसभा सदस्य तथा नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० सत्तारूढ पाँचदलीय गठबन्धनले स्थानीय तहको निर्वाचन सार्न खोजिरहेको छ, लोकतान्त्रिक समाजवादी पार्टी नेपालको धारणा के छ ?**

– लोकतन्त्र बचाउने हो भने निर्वाचन सार्नु हुँदैन। समयमा सबै निर्वाचन गरिनुपर्छ अनि मात्रै लोकतन्त्रको रक्षा हुन्छ। हामीले संविधान बनाउँदा के उल्लेख गरेका छौं भने आवधिक निर्वाचनलाई हामीले पालन गर्नेछौं। त्यसको बिना लोकतन्त्रको रक्षा हुन सक्दैन। सत्तारूढ गठबन्धन चुनावसँग डराइरहेको छ। चुनावसँग डराउनु लोकतन्त्रमाथि आघात गर्नु हो। निर्वाचन आयोगले पनि भनिरहेको छ, समयानुसार निर्वाचन मिति तोक्नुपर्छ, त्यसमा प्रवेश गर्नै पर्छ।

**० गठबन्धनसँग अहिले संघदेखि प्रदेशहरूमा बलियो सरकारहरू छन्, किन डराउनुपर्‍यो ?**

– गठबन्धनमा एक-अर्कामाथि विश्वासको संकट छ। एक-अर्कामाथि विश्वास नभएपछि निर्वाचनसँग डराउनु स्वाभाविक हो। पाँच दलले गठबन्धन बनाए तर, कांग्रेसबाहेक अन्य दलहरूको अवस्था सबैलाई थाहै छ। अन्य पार्टीहरूको संकुचन भइसकेको छ र संकुचित भएको पार्टीले निर्वाचन फेस गर्न निकै गाह्रो छ। त्यसकारणले गठबन्धन निर्वाचनबाट डराइरहेको छ। सबै नयाँ पार्टी छन्, संगठनको मामिलामा पनि कमजोर छन्, जनताको भावना र अपेक्षालाई पनि प्रतिनिधित्व गर्न सकेको छैन। त्यसकारण निर्वाचन सार्न खोजिएको छ।

**० कांग्रेस बलियो अवस्थामा हुँदा पनि सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा किन निर्वाचन सार्ने पक्षमा देखिनुभएको छ ?**

– प्रधानमन्त्री शेरबहादुर देउवा गठबन्धनमा फँस्नु भएको छ। किनभने गठबन्धनको कारणले उहाँ प्रधानमन्त्री हुनुभएको हो। प्रधानमन्त्रीको एक्लो निर्णय त्यहाँ चल्ने स्थिति छैन। सरकार ढाल्छ भन्ने उहाँलाई डर होला। त्यसकारणले उहाँ यो मौका गुमाइरहनु भएको छ। यो गठबन्धन बलियो, कांग्रेस बलियो भनेर भनिन्छ, तर बलियो भन्दैमा कोही बलियो हुने होइन। जनतामा गएर सामना गर्ने, त्यहाँबाट प्राप्त गरेको म्यान्डेटबाट बलियो हुन्छ। त्यसैले कसैलाई बलियो भन्दैमा त्यो बलियो हुने होइन। अन्य पार्टीभन्दा संगठनात्मकरूपमा कांग्रेस निकै मजबुत छ।

**० सत्तारूढ गठबन्धनका नेताहरू तीनै तहको निर्वाचन एकै पटक गर्ने भन्ने तर्कहरू पनिगरिरहेका छन् ?**

– ती सबै कुतर्कहरू हो। त्यो व्यवस्था संविधानमा कहिं छैन। सबै तहको ब्यालेट पेपर जोड्ने हो भने कति लामो ब्यालेट पेपर हुन्छ ? सबैलाई जोड्दा एउटा काँपी नै तयार हुन्छ, जो कमसेकम ५० पृष्ठको हुन्छ। ती सबैमा छुट्याइ-छुट्याइ मतदान गर्न जनतालाई कति कठिनाइ हुन्छ। प्रदेश र संघको निर्वाचन एकै पटक गर्दा हजारौं-हजार मतपत्र बदर भएको थियो। त्यसमा पालिकाको पनि जोड्दा धेरै नै बदर हुन्छ। यो मतदान पद्दतिको पनि खिलाप छ र संविधानको पनि खिलाप छ। संविधानले यस्तो व्यवस्था गरेको छैन।

**० यता, निर्वाचन आयोगले पनि स्थानीय तहको निर्वाचन मिति यथाशीघ्र तोक्न आग्रह गरेको छ, तर गठबन्धन आफ्नै तालमा छ नि?**

– यो प्रश्नको जवाफ त गठबन्धनका नेताहरूले दिनुपर्ने हो, हामी त गठबन्धन पनि छैनौं र हामीसँग कुनै सल्लाह वा छलफल पनि गरेको छैन। तर संविधान र कानूनअनुरूप स्थानीय निर्वाचन हामीले पहिले गरेक ाथियौं। त्यसको समय आइसकेको छ, समयमा निर्वाचन गराउनुपर्छ। लोकतन्त्रको रक्षागर्नु पर्छ, यो पहिलो दायित्व हो। राजनीतिक पार्टीले कहिल्यै पनि चुनावबाट खुट्टा कमाउनु हुँदैन। यो देश, संविधान, कानूनकालागि घातक हुन्छ।

**० निर्वाचनकालागि लोसपाको तयारी कस्तो छ त ?**

– लोसपाले आफ्नो तयारी गरिरहेको छ। संगठनका कामहरू भइरहेका छन्। संगठनले नै चुनावमा जान्छ, त्यो तयारीमा हामी लागेका छौं।

**० लोसपाभित्र अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोबीच दूरी बढ्दै गएको भन्ने कुराहरू पनिआइरहेका छन् नि?**

– बाहिर के-के कुराहरू हुन्छन्, त्यो सुन्नुभो भने बौलाउनुहुन्छ। भित्र हेर्नुहुन्छ भने कुनै विवाद छैन।

**० विवादकै कारण केन्द्रीय समिति वा केन्द्रीय कार्यकारिणी समितिको बैठक बस्न सकेको छैन, संगठनका कामहरू रोकिएको छ नि?**

– बैठक नबसेको गुनासोहरू हुनु स्वाभाविक हो। पार्टीको विधान हामीले हडबडमा दर्ता गर्‍यौं, आन्तिारिक कुराहरू सुदृढ गर्ने तयारीमा छौं। सबै प्रदेशमा समितिहरू निर्माणको क्रममा छ। पालिका र वार्डमा पनि तदर्थ समितिहरू गठन भइरहेको छ। त्यसैले संगठनका कामहरू भइरहेका छन्। मैले आफै वीरगन्जमा माओवादीका प्रभावशाली नेता सीमा गुप्तासहित हजारौंको संख्यामा पार्टीमा प्रवेश गराएँ। यस्तै अन्य जिल्लाहरूमा पनि पार्टी प्रवेश, संगठन सुदृढीकरण र समिति निर्माणका कामहरू त भइरहेका छन्।

**० गत निर्वाचनमा तत्कालीन प्रदेश २ र हालका मधेश प्रदेशमा मधेशी गठबन्धन बनाएर तपाईंहरू चुनावमा जानु भएको थियो। आगामी निर्वाचनमा के हुन्छ ?**

– हामीले स्थानीय निर्वाचनमा कुनै गठबन्धन गरेका थिएनौं, एक्ला-एक्लै लडेका थियौं। संघ र प्रदेशको निर्वाचनमा मात्रै हामीले गठबन्धन गरेका थियौं र त्यो राम्रो सुरूवात भएको थियो। त्यसपछि पार्टी एकीकरण पनि भएको थियो। हामी एकीकरण त गर्‍यौं तर त्यो सार्थक मिलन भएन। त्यसकाराण हामी अलग-अलग भयौं। अब आगामी चुनावमा फेरि मिल्ने कि नमिल्ने विषयमा हामीबीच कुनै कुराकानी भएको छैन।

**० आगामी निर्वाचनमा जसपासँग सहकार्य हुने सम्भावना छ त ?**

– अहिले कुरै भएको छैन। पार्टीहरूको बीचमा कुन अवस्थामा कस्तो सहकार्य वा गठबन्धन हुन्छ त्यो परिस्थितिले निर्माण गर्ने हो। तर अहिले गठबन्धन वा सहकार्य गर्ने विषयमा कुनै छलफल भएको छैन।

**० मधेशको आठवटा जिल्लामात्र भएपनि “मधेश प्रदेश” घोषणा भयो, तपाईंहरू सन्तुष्ट हुनुहुन्छ ?**

– मधेशको नाम प्रति हाम्रो पूर्ण सन्तुष्टि छ। मधेश आन्दोलनको माग पनि यही थियो। मधेश आन्दोलनका बेला मधेशका सबै कार्यालयहरू र भित्ता-भित्तामा मधेश सरकार लेखिएको थियो। सबैको चाहना मधेश प्रदेश नै थियो। त्यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा मधेशको पहिचान दिन्छ। मधेशीको जुन चाहना थियो, यो नामले पूरा भएको छ। राजधानीको सन्दर्भमा अलिकति असन्तुष्टि छ। यसको कारण के हो भने कांग्रेसले सुरूमा नै हामीसँग सल्लाह नगरिकन अस्थायी राजधानी जनकपुर तोकियो। त्यहाँ एउटा पूर्वाधार तयार भएको छ। त्यहाँबाट राजधानी हटाउन संसदको अनिच्छा देखियो, दुई तिहाइले नाम र राजधानीपारित भयो। यो सधैका लागि होइन, समयानुसार परिवर्तन हुने कुरा हो।

**० झापादेखि कञ्चनपुरसम्मको मधेश प्रदेशको परिकल्पना गरिएको थियो, आठवटै जिल्लाको मधेश कसरी स्वीकार गर्नुहुन्छ ?**

– सही कुरा हो। संविधान निर्माणका बेला हामीले मेचीदेखि महाकालीसम्मको मधेश प्रदेशका लागि संघर्ष गरेका थियौं, तर पछि आएर एक मधेशमा दुई प्रदेशमा सहमति जनायौं। त्यहीअनुरूप राज्य पुनर्संरचनाकालागि एउटा आयोग गठन भएको थियो। त्यो आयोगको बहुमतको निर्णय पनि त्यही थियो कि मधेशमा दुई प्रदेश। तर यो कुरा कांग्रेस, एमाले र माओवादीनमान्दा हामी संविधानसभा छोडेर सडकमा गयौं। अहिले जुन आठ जिल्लाको प्रदेश बनाइएको छ, त्यसलाई परिवर्तन गर्न संविधान संशोधनको मुद्दा उठाइरहेका छौं। संशोधनको अवस्था आयो भने हामीले एक मधेशमा दुई प्रदेश स्थापना गराउँछौं।

**० भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवले रौतहटको गौरमा दिनुभएको अभिव्यक्तिको चौतर्फी आलोचना भइरहेको छ, लोसपाको धारणा के छ ?**

– लोसपाले यसबारे अहिले कुनै धारणा बनाएको छैन। मैले व्यक्तिगत तवरले भन्नुपर्दा मन्त्री रेणु यादव अनावश्यक विवादमा मुछिनु भएको छ। एउटा त भौतिक पूर्वाधार मन्त्री महिला हुन्, अर्को मधेशी हुन्। सानो कुरोलाई तिलको तार बनाइरहेको छ। उहाँले कुनै गलत अभिव्यक्ति दिनुभएको छैन। मन्त्रीको अभिव्यक्तिलाई लिएर विवाद गर्नु, प्रदर्शन गर्नु गलत हो। उहाँले कुनै अनर्गल कुरा गर्नुभएको छैन।

**० तर उहाँले गौर नरसंहार जस्तो घटना दोहोरिन सक्छ भन्ने अभिव्यक्ति दिनुभयो नि?**

– मारपिटको अवस्था आउँछ भने के गर्ने ? एक पार्टीले कार्यक्रम गर्छ र अर्को पार्टीले विथोल्न जान्छ भने त्यहाँ के हुन्छ ? विगतमा गौर घटना पनि यही कारणले भएको थियो। उहाँले सचेत गराउनु भएको हो। त्यसैले उहाँको अभिव्यक्ति समयसापेक्ष थियो।

# मन्त्री यादवको भनाइलाई ‘राजनीतिक स्टन्ट’ बनाइयो



**देवेन्द्र मिश्र**

**नेता, जनता समाजवादी पार्टी नेपाल**

विरोध गरिरहेका दलहरूको चुनावी एजेण्डा नै हो। किनभने विद्रोह गरेर जनमत तयार गर्न सकिन्छ। अहिले चुनावहरू नजिकिँदैछन्, त्यसले गर्दा पनि यस्ता कुराहरू भइरहेका छन्। मन्त्री यादवविरूद्ध अहिले भइरहेका आन्दोलनको मुख्य उद्देश्य पनि चुनावलक्षित नै हो। यस्तो पहिला पनि भएकै हो। समष्टिगत रूपमा मन्त्रीको त्यो अभिव्यक्तिलाई गम्भीर रूपमा लिन मिल्दैन।

**० भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवले गौरमा दिएको अभिव्यक्तिबारे जनता समाजवादी पार्टी किन मौन छ ?**

– आजको प्राविधिक युगमा कसैको भनाइलाई सामाजिक सञ्जालमा भाइरल बनाउँदैमा त्यो विषयमा आफ्नो धारणा बनाउनु उपयुक्त होइन। अर्को कुरा रेणु यादवजस्तो जिम्मेवार व्यक्तिले हिंसा भड्काउने अभिव्यक्ति दिनुभएको होला जस्तो लाग्दैन। कुनै प्रशंगवश उहाँले केही बोल्नु भएको होला, जसलाई तोड-मरोड गरेर प्रस्तुत गरिएको छ। किनभने मैले उहाँको भाषणको सम्पूर्ण अंश सुन्न पाएको छैन। उहाँको स्पीचलाई कटअप गरेर सामाजिक सञ्जालमा राखिएको छ। तर पनि हत्या हिंसालाई प्रोत्साहन गर्न मिल्दैन।

**० तर उहाँको त्यो अभिव्यक्तिको सर्वत्र आलोचना भइरहेको छ नि?**

– राजनीतिमा यतिको भयावह कुरो होइन यो। कुरा के हो भने उहाँ गौर जाँदा अवरोध भयो, त्यसपछि उहाँको मनमा आक्रोश आयो र त्यस्तो किसिमको अभिव्यक्ति दिनुभयो। त्यो अभिव्यक्तिलाई गौर हत्याकाण्डसँग जोडेर भन्न मिल्दैन। एउटा उदाहरणको रूपमा सचेत गराउनुभएको जस्तो लाग्छ। अन्य पार्टीहरूले यसलाई एउटा मुद्दा बनाएर चुनावी राजनीति गर्न खोजिरहेका छन्। अहिले चुनावहरू आउँदैछ। चुनावलाई मध्यनजर गर्दै कुनै पार्टी र व्यक्तिलाई बदनाम गर्न खोजिएको छ। यस्तो घटनालाई लिएर राजनीति गर्नु हुँदैन र हत्या हिंसालाई कसैले पनि प्रोत्साहन गर्नु हुँदैन।

**० भने पछि मन्त्रीयादवको अभिव्यक्तिलाई अन्य दलहरूले चुनावी एजेन्डा बनाएका छन् त ?**

– विरोध गरिरहेका दलहरूको चुनावी एजेण्डा नै हो। किनभने विद्रोह गरेर जनमत तयार गर्न सकिन्छ। अहिले चुनावहरू नजिकिँदैछन्, त्यसले गर्दा पनि यस्ता कुराहरू भइरहेका छन्। मन्त्री यादवविरूद्ध अहिले भइरहेका आन्दोलनको मुख्य उद्देश्य पनि चुनावलक्षित नै हो। यस्तो पहिला पनि भएकै हो। समष्टिगत रूपमा मन्त्रीको त्यो अभिव्यक्तिलाई गम्भीर रूपमा लिन मिल्दैन। किनभने अन्य दलहरूले त्यसलाई राजनीतिक एजेण्डाकै रूपमा अगाडि बढाइरहेका छन्। त्यसलाई राजनीतिकरूपले प्रतिकार पनि गर्नुपर्छ। हत्या, हिंसा न त उदाहरण बन्न सक्छ न यो राम्रो कुरो हो। अहिले जनता समाजवादी पार्टी मधेश प्रदेशमा सबभन्दा ठूलो पार्टी भएको छ। जसपाको ठाउँ खस्कियो भने अन्य पार्टी त्यो ठाउँमा आउन सक्छ। खस्काउनका लागि विभिन्न किसिमका प्रपञ्चहरू त गर्नुपर्छ। यो इलेक्सन पोलिटिक्स नै हो, त्यसकै लागि गरिएका स्टन्टबाजीहरू नै हुन्।

**० विगतमा अभिव्यक्तिकै कारण बहालवाला मन्त्रीहरूले राजीनामा दिनुपरेको उदाहरणहरू छन्। यही प्रकरणमा मन्त्री रेणु यादवले राजीनामा दिनु पर्दैन ?**

– राजीनामा नै दिनुपर्ने अवस्था छैन। किनभने विगतमा धेरै मन्त्रीहरूले धेरै कुरा भनेका छन्। इतिहास कोट्याएका छन्, इतिहासका कुराहरू राखेका छन्। तर जनतामा कस्तो सन्देश गएको हो, त्यो मुख्य कुरा हो। यसबारे पार्टीले स्पष्टरूपमा कुरा राख्नु आवश्यक छ। यदि जनतामा भ्रम फैलाउने कुरोहरू भइरहेका छन्, त्यो पनि चिरिन्छ।

**० मधेश विद्रोहको १५ वर्ष पूरा भयो, उपलब्धिहरू के प्राप्तभयो त ?**

– यसलाई १५ वर्षमै सीमित गर्नु हुँदैन। म त वि.सं. २०४० सालदेखि नै मधेश आन्दोलनमा लागेको, काम गरेको र गिरफ्तारी दिएको व्यक्ति हुँ। त्यसले मधेश आन्दोलन २०६३ वा ०६५ सालसँगमात्रै जोड्न चाहन्न। २०४० सालदेखि नै मधेशले आफ्नो राजनीतिक अधिकारका लागि अगाडि बढ्दै आएको छ। त्यति बेला मान्छेले आफूलाई मधेशी भन्न पनि डराउँथे। त्यो बेला मधेशी शब्द नै सम्वेदनशील थियो। राज्यले मधेशी भनेर हेप्ने, काठमाडौंमा मधेशी भनेर हेप्ने तर म मधेशी हुँ भन्न नपाउने, यस्तो किसिमको वातावरणबाट आन्दोलनको सुरूवात भयो। २०४० सालमा हर्कबहादुर गुरूङको प्रतिवेदनको विरोधमा आन्दोलन सुरू भएको हो। यही क्रममा अगाडि बढ्दा बढ्दै आन्दोलन परिपक्क हुँदै गयो र हुँदाहुँदै मधेश विद्रोह भयो। मधेश विद्रोहमा राज्यले मान्छे मारे, जसमा सम्झौताहरू भए। हुन त सम्झौताहरू विगतमा पनि भएका हुन्। विभिन्न सम्झौताहरू हुँदाहुँदै मधेश आन्दोलनहरू अगाडि बढ्दै गए। समग्र मधेश एक प्रदेश भनेर हामी अगाडि बढेका थियौं। त्यो आन्दोलनको स्वरूप हामीले आठ जिल्लाको मधेश प्रदेशलाई हामीले स्वीकार्यौं। आन्दोलन अहिले पनि जारी छ, पहिलो खुड्किलाको रूपमामात्रै आठ जिल्लाको मधेश प्रदेश हामीले पाएका हौं।

**० आठ जिल्लाको “मधेश प्रदेश” मधेश आन्दोलनको उपलब्धि हो ?**

– निश्चित रूपमा। आज कार्यालयहरूमा जानुस्, मधेशी अनुहारहरू देखा पर्न थालेका छन्। वि.सं. २०४७ सालदेखि दिनप्रतिदिन उपलब्धि नै भएको हो। आज सबैले आफूलाई गर्वका साथ मधेशी भन्छन्। संविधानमा मधेशीले कोटा पाएका छन्। पहिला त मधेशीको सहभागिता लगभग शून्यको हाराहारीमा थियो। यस्तो अवस्थामा आज हामी जे पाइरहेका छौं, त्यो एउटा उपलब्धि नै हो। अर्को, गैरमधेशीहरूले पनि मधेशका समस्यामाथि चर्चा गरिरहेका छन्। गैरमधेशीहरूले पनि मधेशका बारेमा चिन्तन गरिरहेका छन्। मधेशले पनि सम्पूर्ण राष्ट्रको बारेमा चिन्तन गरिरहेको छ। यी चिन्तनको अवस्था आएको छ, त्यो मधेश आन्दोलनकै उपलब्धि हो।

**० तर, मधेशका २२ जिल्लाको समग्र मधेश प्रदेशकालागि आन्दोलन भएको थियो, अहिले आठ जिल्लामा खुम्च्याइएको छ नि?**

– मधेशको लडाइ सामाजिक न्यायको लडाइ हो। अढाई सय वर्षदेखि मधेशीहरू लड्दैछन्। जुन दिन पृथ्वीनारायण शाहले मधेशलाई कब्जा गरे, त्यो दिन देखिकै लडाइ हो। नरहरी नाथजीको सन्धि संग्रह भन्ने किताबमा लेखिएको छ कि ‘मधेश कब्जागर्न ६ वर्ष लाग्यो’। अर्थात् मधेश उहिलेदेखि नै लडिरहेको छ। खोजको विषय बनेको छ। सामाजिक न्यायको लडाइमा लक्ष्य प्राप्त गर्न सयौं वर्ष लाग्छ। आज दक्षिण अफ्रिकाको लडाइमा सत्ता परिवर्तन भएपनि अहिले पनि संघर्ष जारी छ। किनभने समाजमा शासकवर्ग र शाषितवर्ग बीचको दूरी समाप्त गर्नका लागि समय लाग्छ। अहिले उपलब्धि नै हो कि आठ जिल्लाको मधेश प्रदेश भएको छ।

**० समग्र मधेश प्रदेशको परिकल्पनाको प्रस्थानबिन्दू आठ जिल्लाको मधेश प्रदेशबाट भयो ?**

– यो प्रस्थान बिन्दूभन्दा पनि एउटा खुड्किलो पार गरेको हो। यो बिर्सिनु हुँदैन कि मधेश मेचीदेखि महाकालीसम्मको हो। स्व.गजेन्द्र नारायण सिंह बितेको २० वर्ष भयो। राजविराजमा जन्मेको व्यक्ति मेचीदेखि महाकालीसम्मका मानिसलाई जोड्ने प्रयास गर्नुभयो। मधेशलाई मधेशप्रति जागरण दिनुभयो। आज थारू आफूलाई अलग सम्झन्छन्। तर जुन बेला हामी काम गर्दथ्यौं त्यो बेला थारू अलग थिएनन्। थारू, मुस्लिम, राजवंशीले पनि आफूलाई मधेशी नै भन्थे। शासकले यो बुझे र बाँड्ने प्रयास गरे। शासकले सम्पूर्ण मधेशलाई १५ कलष्टरमा बाँडे। आज भन्ने हो भने मधेशीको ? शासकको षड्यन्त्रलाई पनि हामीले बुझ्नुपर्छ।

**० मधेशवादका प्रणेशता स्व.गजेन्द्र नारायण सिंहलाई आदर्श मान्नु हुन्छ, मधेशवादको वकालत गर्नुहुन्छ तर तपाईं आवद्ध जसपाका अध्यक्ष उपेन्द्र यादवले मधेशवादहुँदै होइन भन्नुहुन्छ नि?**

– वादको पनि खुड्किलाहरू हुँदोरहेछ। एक दिनमा वाद बन्दैन। उहाँले मार्क्सवाद, समाजवाद पढेर आउनुभएको छ, त्यसको त दस्तावेजहरू छन्। ती वादहरूको पुस्तक पढेर त्यो स्कूलिङ्गबाट उहाँ आउनुभएको छ। हामी मधेशलाई पढेर आयौं, गजेन्द्रबाबुसँग राजनीति गर्‍यौं। हामीले मधेशको विचारधारालाई अगाडि बढाउने प्रयास गर्‍यौं। त्यसैले हामी त्यसलाई मधेशवाद भन्यौं। मधेशवाद भन्दैमा त्यो वाद हुँदैन, त्यसको कुनै दस्तावेज लेखिएको छैन। यसमा पनि समय लाग्छ। जब सबैले यसमा छलफल र चिन्तन गर्छन्, तब यसले वादको स्वरूप लिन्छ। यो एकदमै बन्ने होइन।

# प्रधानमन्त्रीको सम्बोधनको पूर्णपाठ

आदरणीय दिदीवहिनी तथा दाजुभाईहरू,

सम्बत् २०७८ साल असार २९ गते मेरो नेतृत्वमा पाँच राजनीतिक दलको समर्थन र सहभागितामा गठन भएको सरकारले ६ महिना पूरा गरेको छ। संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रमका आधारमा सरकारले कार्य सञ्चालन गर्दै आएको छ।

विश्व कोभिड १९ महामारीको प्रथम, दोस्रो र तेस्रो लहरबाट आक्रान्त भएको छ। हामी पनि संक्रमणको उच्च जोखिममा रहेकाले आर्थिक तथा सामाजिक क्षेत्रमा गम्भिर प्रभाव पर्न गएको छ। संकुचित रहेका आर्थिक तथा सामाजिक क्रियाकलापहरू मेरो नेतृत्वको सरकारले कार्यभार सम्हालेपछि सुचारू भएका थिए। तर, केही दिनदेखि कोभिड १९ को नयाँ स्वरूपको संक्रमणको उच्च जोखिमले नागरिकको जीवन रक्षामाथि पुनः चुनौती थपेको छ। हामी सबै मिलेर आर्थिक तथा सामाजिक क्रियाकलापमा कम असर पर्ने गरी यस रोगको नियन्त्रण गर्नु छ।

आदरणीय दिदीवहिनी तथा दाजुभाईहरू,

कोभिड १९ को संक्रमण फैलिरहेकोले म सबै देशवासीमा संयम् र धैर्यताकासाथ जनस्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्दै सुरक्षित जीवनयापनको लागि हार्दिक अनुरोध गर्दछु। कोभिड १९ को कारण मृत्यु हुनु भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली र परिवारजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु। होम आइसोलेशनमा वस्नु भएका र अस्पतालमा उपचार गरिरहनु भएका बिरामीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यो शताव्दीकै डरलाग्दो माहामारी विरूद्धको लडाईमा दुई वर्षदेखि निरन्तर खटिनु भएका चिकित्सक, नर्स, प्यारामेडिक्स, सुरक्षाकर्मि, सफाईकर्मी, एम्वुलेन्स चालक र अन्य सबै अग्रपङ्क्तिमा काम गर्नेहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु। सबै राजनैतिक दल र समुदाय तथा सबै नेपाली दिदीबहिनी तथा दाजुभाईमा सरकारले जारी गरेका स्वास्थ्य सुरक्षाका मापदण्डको इमान्दारीपूर्वक पालना गरी यस रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारमा सरकारलाई सहयोग गर्न हार्दिक अपिल गर्दछु।

संविधानको कार्यान्वयन, कानुनी राज्य र सुशासनको प्रत्याभूति, शान्ति प्रक्रियालाई पूर्णता दिन विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षसँग भएका सहमतिको कार्यान्वयन गर्ने, राजनीतिक दलहरूको सहमतिमा नागरिकताको समस्याको समाधान गर्ने, संघीयता कार्यान्वयन एवं प्रदेश र स्थानीय तहका सरकारलाई सबलीकरण गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। संसदमा रहेका सबै राजनैतिक दलहरूसँग संवाद र सहमतिका माध्यमबाट संसदको गतिरोध अन्त्य गरी विचाराधीन विषयलाई निष्कर्षमा पुर्‍याईने छ। एक वर्षभित्रै तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व सरकारमाथि रहेको छ। निर्वाचनका पूर्वतयारीका कामहरू सम्पन्न गर्न म सम्बन्धित सबैसँग अनुरोध गर्न चाहन्छु।

मैले सरकारको नेतृत्व गरेपछि आर्थिक-सामाजिक रूपान्तरणको आधार निर्माणका लागि उच्च र समन्यायिक आर्थिक विकासमा जोड दिने, उत्पादनमुखी अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने, स्वदेशी कच्चापदार्थ र श्रम उपयोग हुने निकासीजन्य वस्तुको उत्पादन वृद्धि गरी निकासी बढाउने, आपूर्ति व्यवस्थामा सुधार गर्ने, महङ्गी नियन्त्रण गर्ने तथा भ्रष्टाचारजन्य कार्यहरूको छानबिन, अनुसन्धान र तहकिकातका लागि अग्रसरता लिने कार्यहरू भएका छन्।

यस अवधिमा विगत दुई वर्षदेखि कोभिड १९ का कारण संकटग्रस्त उद्योग र सेवा व्यवसायको उत्थान गर्न र श्रमजीवी, विपन्न, बेरोजगार आदिको राहतका लागि विशेष आर्थिक प्याकेज ल्याईएको छ। बाढी, पहिरो, आगलागी तथा बेमौसमी वर्षाका कारण विपद्मा परेका जनतालाई उद्धार गरी राहत उपलब्ध गराउने, सुरक्षित बसोबास र पुनःस्थापना गराउने तथा नष्ट भएको धान बालीको क्षतिपूर्तिका लागि आवश्यक सहयोग प्रदान गर्ने कार्यक्रम अघि बढाइएको छ। रूपान्तरणकारी र विकासका कार्यक्रमको कार्यान्वयनलाई गति दिएको छ।

कोभिड-१९ लाई नियन्त्रण गर्न खोप नै प्रभावकारी उपाय भएकोले मैले प्रधानमन्त्रीको कार्यभार सम्हाल्दा आगामी चैत्र मसान्तसम्ममा खोप लगाउन योग्य सबै नेपाली नागरिकलाई निःशुल्क खोपको पूर्ण मात्रा दिने प्रतिबद्धता व्यक्त गरेको थिएँ। यस अनुरूप खोप अभियान जारी छ।

तिव्र रूपमा फैलिरहेको कोभिड-१९ संक्रमणको तेस्रो लहरको रोकथाम, नियन्त्रण र उपचारका लागि तीनै तहका सरकारका बीचमा समन्वय र सहकार्य बढाईएको छ। स्वास्थ्य प्रणालीमा कुनै पनि साधन स्रोत र जनशक्तिको अभाव हुन नदिने व्यवस्था मिलाई उपचार व्यवस्थालाई चुस्त, दुरूस्त बनाइएको छ।

कोभिड संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचारको व्यवस्था गर्दा अर्थतन्त्र र सामाजिक क्रियाकलापमा सकेसम्म कम असर पर्ने गरी आवश्यक प्रबन्ध मिलाइनेछ। जनस्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गर्दै आधारभूत स्वास्थ्य सेवाहरू जस्तै- मातृशिशु स्वास्थ्य, पोषण र खोप लगायतका नियमित कार्यक्रमहरू सूचारू गरिनेछ।

किसानलाई मल र बीउ तथा विद्यालयका छात्रछात्राहरूलाई पाठ्यपुस्तक समयमै उपलब्ध गराउन र राज्यले निःशुल्क रूपमा उपलब्ध गराउने भनी घोषणा गरिएका औषधीहरू गुणस्तरीय रूपमा समयमै सहज तरिकाले वितरण गर्ने प्रबन्ध मिलाइएको छ। साथै, अत्यावश्यक वस्तु तथा सेवाको निर्बाध आपूर्ति हुने व्यवस्था सुनिश्चित गरिएको छ।

भूकम्पपछिको पुनर्निर्माणको बाँकी रहेका सबै कामहरू समयमै सम्पन्न गर्ने व्यवस्था मिलाइएको छ। त्यसैगरी विपद् प्रभावित जनताको आवासको पुनर्निर्माण तथा राहतका कामलाई उच्च प्राथमिकतामा राखिएको छ। तराई मधेशमा देखिने शीतलहर र उच्च हिमाली क्षेत्रमा हुने हिमपातको कारणबाट कसैको पनि अकाल मृत्यु हुन नपाउने व्यवस्थाका लागि प्रदेश र स्थानीय तहसँगको सहकार्यमा आवश्यक व्यवस्था मिलाइएको छ।

मुलुकको विकासमा निजी क्षेत्रको अहम् भूमिका छ। नीजि क्षेत्रलाई प्रोत्साहित गर्दै उद्यम व्यवसाय गर्ने वातावरणलाई थप सहज बनाइनेछ। भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका सबै तह र संरचनालाई थप सक्षम बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

आर्थिक उदारीकरण र निजीकरणबाट प्रारम्भ भएको पहिलो चरणको आर्थिक तथा शासकीय सुधारमार्फत नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रकृया अगाडि बढेको छ। छोटो समयमा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै विकसित राष्ट्रको स्तरमा पुग्ने हाम्रो लक्ष्य हो। यो लक्ष्य प्राप्तिको मार्गमा देखा पर्ने समस्या र चुनौतीको समाधान गर्न र प्राप्त अवसरहरूको उपयोग गर्न दोस्रो चरणको आर्थिक तथा शासकीय सुधार गरिनेछ। सुधारको योजना बनाउँदा संविधानको कार्यान्वयन, आर्थिक समृद्धि, विकास र सुशासनलाई केन्द्रबिन्दुमा राखिनेछ।

आदरणीय दिदीवहिनी तथा दाजुभाईहरू,



वर्तमान संयुक्त सरकार गठन भएपछि सम्पादन भएका प्रमुख कार्यहरू र सोबाट हासिल भएका मुख्य-मुख्य उपलब्धिहरूबारे संक्षेपमा जानकारी गराउन चाहन्छुः-

सरकारको पहिलो प्राथमिकता कोभिड-१९ को संक्रमणवाट जनताको जीवन रक्षा गर्ने, शीघ्र आर्थिक पुनरूत्थान गर्ने, आर्थिक सामाजिक क्रियाकलापलाई सामान्य अवस्थामा फर्काई संचालन गर्ने कार्यलाई प्राथमिकतामा राखी विभिन्न सुधार कार्यहरू अगाडि बढाएकोले गत ६ महिनामा मुलुकको आर्थिक क्रियाकलापमा तीव्र विस्तार भएको छ। सामाजिक क्रियाकलापमा पनि अपेक्षित सुधार आएको छ।

यस अवधिमा १८ वर्ष माथिका १ करोड ९९ लाख २२ हजार १६४ खोप लगाउन योग्य नेपाली जनता मध्येमा छढ.६ प्रतिशतलाई पूर्ण मात्राको खोप उपलब्ध गराइएको छ भने ७८.३ प्रतिशतलाई पहिलो डोजको खोप वितरण गरिसकिएको छ। यो अवधिसम्ममा विभिन्न प्रकारका कुल द्ध करोड घ लाख डड हजार ड सय द्धण डोज खोप प्राप्त गरी २ करोड ठद्ध लाख ठछ हजार ढ सय ढछ डोज खोप वितरण गरिएको छ। पुस मसान्त सम्ममा एक मात्रा खोप लगाएको जनसंख्या १ करोड ५ट लाख ट हजार द्द्ञ र पूर्ण मात्राको खोप लगाएको जनसंख्या १ करोड ञड लाख टढ हजार ढ सय ठद्ध रहेको छ। १२ देखि १७ वर्ष उमेरका किशोर किशोरीहरू १८ लाख भन्दा बढीलाई पहिलो मात्राको खोप दिइएको छ। अग्रपङ्क्तिमा काम गर्ने व्यक्तिहरूका लागि बुस्टर डोज अभियान शुरू भइसकेको छ। साथै, ६० वर्ष भन्दा माथि उमेर समुहका नागरिकहरूका लागि बुस्टर डोज यसै महिनादेखि उपलब्ध गराइनेछ। ५ देखि ११ वर्षसम्मका बालबालिकाका लागि खोपको अभियान छिट्टै प्रारम्भ गरिनेछ।

कोभिड १९ विरूद्धका विभिन्न खोपको क्लिनिकल ट्रायल गर्न अनुमति दिइएको छ। सङ्क्रामक रोग विरूद्ध खोप (भ्याक्सिन) उत्पादन गर्ने उद्योगलाई वित्तीय सहुलियत, छुट तथा सुविधा प्रदान गर्ने र तरल (लिक्विड) अक्सिजन उद्योगलाई वित्तीय सहुलियत, छुट तथा सुविधा प्रदान गर्ने नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

कोभिड-१९ को सामना गर्नका लागि सरकारी अस्पतालहरूमा पूर्वाधार सेवाहरूमा उल्लेख्य सुधार गरिएको छ। फलस्वरूप अक्सिजन प्लान्ट, भेन्टिलेटर लगायत अन्य उपचार सामग्रीहरूको उपलब्धतामा बढोत्तरी भएको छ। सरकारी अस्पतालहरूको सुधार र स्तरोन्नतिलाई प्राथमिकतामा राख्ने कार्य अघि बढाइएको छ। कोभिड-१९ को बढ्दो प्रकोपसँगै अवरूद्ध हुन पुगेको अन्य बिरामीहरूको उपचारलाई सरकारी अस्पतालहरूमा सुचारू गरिएको छ।

कोभिड १९ को नयाँ स्वरूपको ओमिक्रोन भाइरसको संक्रमण हुन नदिनका लागि रोकथाम, नियन्त्रण र उपचारको व्यवस्थालाई भरपर्दो बनाइएको छ। अक्सिजनको पर्याप्त र भरपर्दो आपूर्ति तथा भण्डारण, स्वास्थ्य पूर्वाधारको विस्तार र जनशक्तिको व्यवस्थापनमा सुधार गरिएको छ।

आदरणीय दिदीवहिनी तथा दाजुभाईहरू,

विद्युत उत्पादनमा भएको वृद्धि, आर्थिक एवं सामाजिक क्रियाकलापमा भएको सुधार, निर्यातमा भएको बढोत्तरी र उच्च कर्जा प्रवाह तथा आयातमा भएको वृद्धिले आर्थिक वृद्धिदर गत वर्षको भन्दा माथि हुने अनुमान छ। यस अवधिमा मुद्रा स्फिति करिब ७.११ प्रतिशतको हाराहारीमा रहेको र करिब ६.८ महिनाको वस्तु तथा सेवाको आयात धान्नका लागि विदेशी मुद्राको सञ्चिति रहेको छ। यस अवधिको पछिल्लो तीन महिनामा अर्थतन्त्रका बाह्य क्षेत्रमा केही दबाब पर्न गए तापनि सरकारले लिएका वित्त र मौद्रिक नीतिको कार्यान्वयनबाट सुधार गरिनेछ।

बजेट कार्यान्वयनको सन्दर्भमा संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमको आधारमा बजेटलाई पुनरावलोकन गरी प्रतिस्थापन विनियोजन विधेयक समयमै स्वीकृति गरी कार्यान्वयनमा ल्याइएको छ।

चालु आर्थिक वर्षमा रू. ११ खर्ब ८० अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा पुष मसान्तसम्म रू. ५ खर्ब ठट अर्ब द्ट४ करोड राजश्व सङ्कलन भएको छ। साथै, संघ सरकारको सार्वजनिक खर्चतर्फ ञट खर्ब घद्द अर्ब ८२ करोड वार्षिक बजेट मध्ये पुस मसान्तसम्म ५ खर्ब ट अर्ब ठड करोड खर्च भएको छ।

मुलुकको द्रुततर विकासका लागि अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन गर्ने नीति अनुसार अन्तर्राष्ट्रिय मुद्राकोषबाट ४ सय मिलियन अमेरिकी डलर बराबरको बजेटरी सहयोग र खोपको लागि रकम व्यवस्था गर्न विश्व बैंक र एशियाली विकास बैंकबाट २ सय ३५ मिलियन अमेरिकी डलर सहायता प्राप्त गर्ने सम्झौता भएको छ।

संघीयता कार्यान्वयनलाई थप सुदृढ बनाउँदै जाने सन्दर्भमा संघीय सरकारले प्रदेश र स्थानीय तहका लागि रू. १ खर्ब डढ अर्ब द्टट करोड वित्तीय हस्तान्तरण गरेको छ।

उपयुक्त तथा विवेकशील वित्त तथा मौद्रिक उपकरणहरूको अवलम्बन गर्दै वित्तीय क्षेत्रमा स्थायित्व कायम गरिएको छ। तीव्र आर्थिक विस्तारका लागि आवश्यक उच्च लगानीयोग्य पूँजीको अभाव हुन दिइएको छैन। साथै, उच्च कर्जाको माग र विस्तार हुँदा पनि उपयुक्त उपायको अवलम्बन गरी साधारण ब्याजदरलाई वाञ्छित सीमाभित्र नै राखिएको छ। पुनर्कर्जा तर्फ रू. १ खर्ब ६ अर्ब ७ करोड र सहुलियतपूर्ण कर्जामा रू ५५ अर्व सहुलियतपूर्ण व्याजदरमा कर्जा प्रवाह गरिएको छ।

औद्योगिक तथा लगानी प्रवर्द्धनलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। उद्योग क्षेत्रको प्रवर्द्धनका लागि छुट्टै विशिष्टीकृत कोष स्थापना गर्ने निर्णय गरेको छ।

विपद् प्रभावित सिन्धुपाल्चोक, मनाङ लगायत विभिन्न १२ जिल्लाहरूलाई संकटग्रस्त क्षेत्र घोषणा गरी विपद् पछाडिको राहत र पुनर्निर्माणको कामलाई उच्च प्राथमिकता दिइएको छ।

यस अवधिमा बेमौसमी वर्षात्का कारणबाट धानबालीमा भएको क्षतिको निर्धारण गरी किसानहरूलाई क्षतिपूर्ति दिने निर्णय गरी कार्यान्वयनमा लगिएको छ। बेमौसमी वर्षाको कारणले मृत्यु भएका परिवारलाई सहयोग स्वरूप रू. २ लाख र सोही परिवारमा थप सदस्यको मृत्यु भएको अवस्थामा प्रति मृतक थप रू.१ लाख दिने निर्णय गरिएको छ। त्यसैगरी, कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई राहत स्वरूप प्रतिपरिवार एक पटकका लागि रू. १० हजार नगद अनुदान प्रदान गरिएको छ।

कृषकहरूलाई वर्षे तथा नगदे बालीका लागि समयमै मल उपलब्ध गराउने प्रयोजनले रासायनिक मल खरिदको लागि रू. ३ अर्बको बजेट वृद्धि गरी रू. १५ अर्ब पुर्‍याइएको छ। यस अवधिमा ञ लाख ३ हजार मेट्रिक टन रासायनिक मलको आपूर्ति गरी वितरण गरिएको छ। कृषकहरूलाई समयमै मल सुनिश्चित गर्ने उद्देश्यले सरकार-सरकार (न तय न) खरिद प्रक्रियाबाट रासायनिक मल खरिद गर्ने निर्णय गरी मल आपूर्तिको प्रक्रिया अगाडि बढाइएको छ। यसका लागि आवश्यक पर्ने थप रू १३ अर्बको स्रोतको व्यवस्था भएको छ। उखु किसानबाट नेपाल सरकारले तोकेको खरीद मूल्यमा उखु खरिद गर्न अनुदान बापत रू. ८४ करोड रकम भुक्तानीको लागि पठाइएको छ। साथै, कृषकहरूलाई आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न सहयोग पुगोस् भन्ने हेतुले धान तथा उखुको न्यूनतम समर्थन मूल्य निर्धारण गरिएको छ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित तरिकाले बसोबास गर्दै आएका समुदायको बसोबासको समस्या सधैँका लागि समाधान गर्न राष्ट्रिय भूमि आयोग गठन आदेश, द्द०ठ८ स्वीकृत भई पदाधिकारी नियुक्ति सहित उक्त आयोगले आफ्नो कार्य प्रारम्भ गरेको छ। त्यसैगरी २०१३ साल देखिको पुनर्वासको दायित्व अन्तर्गत विभिन्न जिल्लाका अव्यवस्थित बसोबासीका लागि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट लालपूर्जा वितरणको कार्य प्रारम्भ भएको छ।

यस अवधिमा माथिल्लो तामाकोशी ४५६ मेगावाटको जलविद्युत आयोजना पूर्ण रूपमा सञ्चालनमा आएको छ र राष्ट्रिय विद्युत प्रसारणमा कुल ६०० मे.वा. बिजुली थप भएको छ। प्रसारण लाइनतर्फ ५९ कि.मि. थप भएको छ र सोलु कोरिडोर ट्रान्समिसन लाइन निर्माणको कार्य सम्पन्न भएको छ। नेपालको बिजुली भारतमा निर्यात शुरू भएको छ।

निजी क्षेत्रको लगानी रहेका मिस्त्री खोला ४२ मेगावाट र लिखु खोला ५२ मेगावाट विद्युत उत्पादन राष्ट्रिय ग्रिडमा जोडिएको छ। यस अवधिमा औद्योगिक, गार्हस्थ्य तथा विभिन्न प्रयोजनका लागि बिजुली खपतमा वृद्धि गरी निर्बाध रूपमा बिजुली आपूर्तिको व्यवस्था मिलाइएको छ।

विद्युतको ग्राहस्थ खपतमा २० यूनिटसम्म उपभोक्तालाई महसुल छुट गरिएको छ र यसबाट २२ लाख घरधुरीलाई राहत पुग्न गएको छ। त्यसैगरी सिंचाइ सुविधामा विस्तार गर्नका लागि साविकको विद्युत महसुलमा ५० प्रतिशत कम गरी प्रति यूनिट २ रूपैंया कायम गरिएको छ।

सुनकोशी-मरिन डाइभर्सन, भेरी बबई बहुउद्देश्यीय आयोजना, काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना लगायत राष्ट्रिय गौरवका आयोजनाको निर्माण कार्य समयमै सम्पन्न गर्ने गरी तीव्र गतिमा काम अगाडि बढेको छ।

काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना निर्माणको ११ वटा प्याकेजमध्ये २ वटा टनेल प्याकेजको ठेक्का सम्झौता भई सर्वे डिजाइन अन्तिम चरणमा रहेको र बाँकी कार्यका लागि खरिद प्रकृया अगाडि बढाइएको छ।

आदरणीय दिदीवहिनी तथा दाजुभाईहरू,

यस अवधिमा संघको कार्यक्षेत्र अन्तर्गत मुलुकभर १७७ कि.मि. सडक कालोपत्रे भएको र २३ सडक-पुल निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएका छन्। साथै, ८२ वटा झोलुङ्गे पुल निर्माण भएका छन्। मुलुककै पहिलो आधुनिक सुरूङ्गमार्गको रूपमा रहेको नौबिसे-नागढुङ्गा ३.३ कि.मि. सुरूङ्गको २ कि.मि. निर्माण कार्य सम्पन्न भएको छ।

संघीय संसद भवन निर्माण कार्य सन्तोषजनक ढङ्गले अघि बढेको छ। भैरहवा विमानस्थल र पोखरा विमानस्थलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

काठमाण्डौ उपत्यकाको फोहोरमैला व्यवस्थापनका लागि नुवाकोटको वन्चरेडाँडामा निर्माणाधीन ल्यान्डफिल साइटको प्रथम खण्डको निर्माण सम्पन्न भई फोहोर विसर्जनको लागि योग्य भएको छ।

बाढीबाट क्षतिग्रस्त मेलम्ची खानेपानी योजनाको पुनर्स्थापना गरी कार्ययोजना कार्यान्वयनमा ल्याई यस वर्ष भित्र मेलम्चीको पानी काठमाण्डौमा वितरण गर्ने गरी कार्य अगाडि बढाइएको छ।

यस अवधिमा नारायणी-नवलपूर, भरतपुर-दाङ, सिद्धनाथ-बैजनाथ लगायतका खानेपानी आयोजनाहरू सम्पन्न भएका छन्।

तराईका जिल्लाका विपन्न घरधुरीमा खानेपानीको व्यवस्थापनका लागि "तराई मधेश ट्युववेल तथा स्वच्छता" विशेष कार्यक्रम उच्च प्राथमिकताका साथ संचालन गरिएको छ।

यस अवधिमा ४३८ कि.मि. अप्टिकल फाइबर बिछ्याउने कार्य सम्पन्न भएको छ। त्यसैगरी हालसम्म ७९ कि.मि. मोबाइल ब्रोडब्याण्ड विस्तार भएको छ।

कञ्चनजङ्घा, रूवीभ्याली, दोलखा, मकालु, च्छो रोल्पा, अन्नपूर्ण, धौलागिरी, मनास्लु, सगरमाथा लगायतका स्थानमा पदयात्रा मार्ग निर्माण गर्ने कार्य अन्तर्गत २१५ कि.मि. पदयात्रा मार्ग निर्माण सम्पन्न भएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत ज्यान जोखिममा परेका ८५ जना गर्भवती महिलाहरूलाई देशका विभिन्न स्थानबाट हेलिकोप्टर मार्फत् समयमै उद्धार गरी सुरक्षित मातृत्वको सुनिश्चितता गरिनुका साथै सुत्केरी हुने अवस्थाका महिलाहरूलाई अकाल मृत्यु हुनबाट जोगाइएको छ।

थप १० लाख नेपाली नागरिकको राष्ट्रिय परिचय पत्रको विवरण सङ्कलन गरी ५० लाख पुर्‍याइएको छ। यस अवधिमा विद्युतीय राहदानी जारी गर्न थालिएको छ र हालसम्म २२ हजार जनालाई विद्युतीय राहदानी वितरण गरिएको छ। साथै, १ लाख ३० हजार सवारी साधनमा विद्युतीय इम्बोस्ड नम्बर प्लेट जडान गरिएको छ।

सरकारी कार्यालयको कार्य प्रणालीलाई पूर्ण स्वचालित बनाई निर्णय प्रक्रियालाई सरल र छिटो बनाउन विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

प्रेस परिचय पत्र अनलाइनबाट वितरण गर्न शुरू गरिएको छ। कक को लागत कम गर्ने गरी नबतभधबथ को विकास भएको छ। सरकारी कागजातलाई हुलाकबाट वितरण गर्ने क्रममा राहदानी र कन्सुलर सेवासम्बन्धी काम शुरू गरिएको छ।

नेपाल टेलिकमबाट सरकारीस्तरमा डिजिटल पेमेन्ट प्रणालीको शुरूवात भएको छ। थप ३४ सरकारी सेवालाई नागरिक एपमा आबद्ध गरिएको छ। स्थानीय तहको सेवा प्रवाहमा सुधार गर्न एकीकृत एप बनाई कार्यान्वयनमा ल्याइएको छ।

यस अवधिमा २५ स्थानीय तहमा ब्रोडब्याण्ड सेवा थप विस्तार गरिएको र यस्तो सेवा पुग्ने स्थानीय तहको संख्या ठघड पुगेको छ। थप ३ञ स्थानीय तहमा द्धन सेवा विस्तार गरी ७१६ स्थानीय तहमा सेवाको पहुँच विस्तार भएको र ६० वटा शहरी क्षेत्रमा Direct to Home – DTH सेवा थप भई १८७ वटा शहरी क्षेत्रमा यस्तो सेवा पुगेको छ।

सुरक्षित मुद्रणका २ वटा मेशिन जडान गरी सुरक्षित मुद्रणको नमूना छपाइ शुरू गरिएको छ।

भूकम्प पछिको पुनर्निर्माणको बाँकी कार्यलाई सम्बन्धित निकायहरूबाट सम्पन्न गर्ने गरी हस्तान्तरण गरिएको छ।

आम उपभोक्तालाई दैनिक उपभोग्य खाद्य वस्तुहरू सहज रूपमा उपलब्ध गराउन दुर्गम जिल्लाका विभिन्न स्थानमा ६ हजार मेट्रिक टन खाद्यान्न तथा ७ हजार ३ सय ३५ क्विन्टल नून आपूर्ति गरिएको छ। नेपालीहरूको मुख्य चाड दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी उपभोक्तालाई दैनिक अत्यावश्यक खाद्य वस्तुहरू सहज र सुपथ मूल्यमा उपलब्ध गराउन विभिन्न ४३ स्थानमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याई सेवा प्रदान गरिएको थियो।

सेवाग्राहीले अनलाइन प्रविधि मार्फत जग्गा कारोबारको लिखतसम्बन्धी कार्य गर्नसक्ने प्रणालीलाई ७६ वटा मालपोत कार्यालयमा लागू गरिएको छ। बैंक, वित्तीय संस्था तथा सञ्चय कोषबाट कर्जा प्रवाह गर्दा धितो राख्न/राखिएको जग्गा रोक्का फुकुवा गर्न मालपोत कार्यालयमा प्रतक्ष्य उपस्थित नभई जग्गा रोक्का फुकुवा गर्न सक्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

विकास आयोजना कार्यान्वयनमा समस्याका रूपमा रहेका जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोगमा रहेको समस्याको समाधान गरी आयोजना व्यवस्थापनमा सुधार गरिएको छ।

वैदेशिक रोजगारीको सिलसिलामा अफगानिस्तान गई जोखिममा परेका ञ हजार छ सय जना नेपाली नागरिकलाई उद्धार गरिएको छ।

अफगानिस्तानमा देखिएको मानवीय संकटलाई दृष्टिगत गर्दै नेपाल सरकार र नेपाली जनताका तर्फबाट मानवीय सहयोगस्वरूप नेपालले द्द०ठड माघ द्द गते विशेष चार्टर्ड विमानमार्फत करिब ञद्ध टन औषधि, लत्ता-कपडा तथा घरायसी सामग्री सहयोग पठाएको छ।

शान्ति सुरक्षाको भरपर्दो र विश्वसिलो व्यवस्थापन गरी शान्ति सुव्यवस्था कायम भएको छ। समाजमा भएका सबै प्रकारको अपराधको नियन्त्रण गरिएको छ। कसूरजन्य फौजदारी अभियोजनको सम्पत्तिको अभिलेख र व्यवस्थापन गर्न विशिष्टीकृत विभाग गठन गरिएको छ।

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याइएको छ।

आगामी १ वर्षभित्र तीनै तहको निर्वाचन गर्नुपर्ने कुरालाई मध्यनजर गरी सरकारले निर्वाचनका पूर्व तयारीका कार्यहरू अघि बढाई रहेको छ।

नेपालले बंगलादेशको ढाकामा सम्पन्न भएको एभिसि सेन्ट्रलजोन महिला भलिवलमा उत्कृष्ट प्रर्दशन गरी स्वर्ण पदक प्राप्त गरेको छ भने माल्दिप्समा भएको साफ च्याम्पियनसीप फुटवलमा उपविजेताको उपाधि हासिल गरेको छ। उत्कृष्ट खेल प्रर्दशन गर्ने खेलाडीहरूलाई सरकारले सम्मान तथा पुरूस्कृत गरेको छ।

मेरो नेतृत्वमा बेलायतको ग्लास्गो शहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्रहरूको २६ औं सम्मेलनमा सहभागी भई नेपालको तर्फबाट "National Adaption Plan" हानी-नोक्सानी सम्बन्धी राष्ट्रिय कार्यढाँचा र Net Zero emission नेपालको दीर्घकालीन रणनीति" गरी ३ वटा नीतिगत दस्तावेजहरू प्रस्तुत भएका छन्। त्यसैगरी संयुक्त राष्ट्रसंघको ७६औं महासभा, Global Covid–19 Summit एवम् संयुक्त राज्य अमेरिकाका महामहिम राष्ट्रपतिद्वारा आयोजित लोकतन्त्रसम्बन्धी शिखर सम्मेलनलाई सम्बोधन लगायत अन्य अन्तराष्ट्रिय मन्चमा नेपालको उपस्थिति जनाइएको छ।

अन्त्यमा, संयुक्त सरकारले अङ्गीकार गरेका नीतिहरूप्रति जनसमर्थन र सहयोग प्राप्त भएको छ। संविधान र संवैधानिक प्रणालीको रक्षा भएको छ र विधिको शासन सुदृढ बनेको छ। जनतामा त्रास र भय एवम् राजनीतिक स्थायित्व प्रतिको संशयको अन्त्य भएको छ। सरकारले कार्यभार सम्हालेको ६ महिनाको अवधिमा भएका कार्यहरूमध्ये प्रतिनिधिमूलक र उदाहरणको रूपमा उल्लेख भएका माथि उल्लिखित कार्यहरू र हासिल भएका मुख्य-मुख्य उपलब्धिले सरकार सही दिशामा अघि बढिरहेको स्पष्ट छ। छोटो अवधिमा गरेका कार्य र हासिल भएका उपलब्धिहरूले मुलुकमा राजनीतिक स्थायित्वसँगै विकास, सुशासन र समृद्धि हासिल गर्ने बलियो आधार खडा गरेको छ। जनतामा आशा र भरोसा बढेको छ।तर, हामीलाई यसमै सन्तोष गर्ने अवस्था छैन।एक्काइसौं शताब्दीको द्रुत गतिमा अघि बढिरहेको प्रतिस्पर्धी युगमा विकास र समृद्धिको यात्रालाई हामीले थप गतिका साथ चाँडै पूरा गर्नुपर्ने खाँचो छ। यस अवधिमा सरकारलाई प्राप्त भएको राष्ट्रिय तथा अन्तराष्ट्रिय समर्थन, सहयोग र सहायताका लागि सबै राजनीतिक दलहरू, नागरिक समाज, सञ्चार जगत एवम् सर्वसाधारण सबै दिदीबहिनी, दाजुभाईहरू एवम् सम्बन्धित मित्रराष्ट्रहरू, दातृ निकाय तथा विकास साझेदार संस्थाहरूमा म हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद ! जयनेपाल !

## मधेश अपडेट

### हजारौं नेता कार्यकर्ता लोसपामा प्रवेश

वीरगन्ज। लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल कालिका माई गाउँ पालिका कमिटी (पर्सा) द्वारा आयोजित बृहत पार्टी प्रवेश कार्यक्रममा हजारौं नेता कार्यकर्ता प्रवेश गरेका छन्। माओवादी केन्द्र परित्याग गरी प्रभावशाली महिला नेतृ सीमा गुप्ताको नेतित्वमा एक हजार भन्दा बढी स्थानीय बासिन्दा लोसपा प्रवेश गरेका छन्। गाउँपालिकाका कार्यवाहक प्रमुख एवं लोसपाका नेता राजेश चौरसियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री लक्षमणलाल कर्ण, विशिष्ट अतिथि एकबाल मिया, जिल्ला अध्यक्ष पुरूषोत्तमलाल झा, नेताहरू रामचन्द्र पन्डित, अनिरूध कलवार, जिल्ला वरिष्ठ उपाध्यक्ष सन्तोष तिवारी, श्रीराम गिरि, वीरगन्ज महानगर अध्यक्ष ओमप्रकाश सराफ लगायतले नवप्रवेशीहरूलाई अबिर माला लगाइ पार्टी प्रवेश गराएका थिए। कार्यक्रमको सहजीकरण युवा नेता राजेश साहले गरेका थिए।

### विराटनगरमा चिनियाँ राष्ट्रपतिको पुत्ला दहन

विराटनगर। चीनले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको भन्दै विराटनगरमा राष्ट्रिय एकता अभियान नेपालले प्रदर्शन गरेको छ। अभियानले नेपालको आन्तरिक मामिलामा चीनले हस्तक्षेप गरेको, सीमा मिचेको, सीमा नाका बन्द गरेको भन्दै चीनविरूद्ध प्रदर्शन गरेको हो। विराटनगरको महेन्द्र चोकबाट शुरू भएको र्‍याली भट्ठा चोकमा पुगेर सकिएको थियो। विरोध प्रदर्शनका क्रममा प्रदर्शनकारीले चिनियाँ राष्ट्रपति सी जिनपिङको फोटोसमेत जलाएका थिए। अभियानका मोरङ संयोजक जितेन्द्र यादवले नेपालको आन्तरिक मामिलामा चिनियाँ हस्तक्षेप बढिरहेकाले सचेत पार्न आन्दोलनमा उत्रनुपरेको बताए। राष्ट्रिय एकता अभियानका संयोजक विनय यादवले नेपालमा चिनियाँ गुप्तचर संस्था एमएसएसले गतिविधि बढाइरहेको, नेपालको अन्य देशसँगको सम्बन्धमा खेल्ने गरेको, चिनियाँ राजदूत नेपालको आन्तरिक मामिलामा खेलिरहेको, सीमा मिचेको, सीमा नाका एकतर्फी रूपमा बन्द गरेको, चीनमा अध्ययन गरिरहेका विद्यार्थीलाई फर्कन नदिई भविष्य अन्यौलमा पारिदिएको भन्दै चीनबिरूद्ध प्रदर्शन गर्नुपरेको बताए।

### मन्त्रीको अभिव्यक्तिबारे राज्यमन्त्रीको स्पष्टीकरण

जनकपुरधाम। संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवले रौतहटको गौरमा दिएको अभिव्यक्तिको आलोचना भइरहँदा मधेश प्रदेशका राज्यमन्त्री योगेन्द्र राय यादवले स्पष्टीकरण दिएका छन्। मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्रले शुक्रबार बिहान जनकपुरधामस्थित एक होटेलमा पत्रकार सम्मेलन गरी संघीय मन्त्री रेणुको अभिव्यक्तिबारे प्रष्ट पारेका हुन्। राज्यमन्त्री योगेन्द्रले भौतिक पूर्वाधारमन्त्री रेणु यादवले जनमत पार्टीका अध्यक्ष डा.सीके राउतको हत्या गर्ने नियतले अभिव्यक्ति नदिएको दावी गरेका छन्। संघीय मन्त्री रेणुको बचाउ गर्दै राज्यमन्त्री योगेन्द्रले हिंसात्मक गतिविधि नगर्न सीके राउत र उनका कार्यकर्तालाई सुझाव दिएको दावी गरे। 'सीके राउतकै कार्यकर्ताले मन्त्री यादवसहित जसपा कार्यकर्तामाथि सांघातिक हमला गर्ने योजना बनाएको थियो। बाटो छेकेर हमला गर्न खोज्ने १५/२० जना राउतका कार्यकर्ताका अगाडी हजारौं जसपाका कार्यकर्ता संवेदनशील नभएको भए अर्कै परिस्थिति सृजना हुने थियो।' उनले भने। गौर क्रान्तिकारी भूमि भएको र यसरी हिंसात्मक गतिविधि गर्दा त्यस्तै घटना दोहोरिनसक्ने भएकाले त्यस्तो गैरलोकतान्त्रिक र अराजक गतिविवधि नगर्न संघीय मन्त्री रेणुले सचेत गराएको उनको तर्क थियो। साथै, उनले किसान आन्दोलनको नाममा सीके राउतले आफ्नो राजनीतिक रोटी सेकिरहेको आरोप लगाए। उनले सीके राउतको किसान आन्दोलन नक्कली रहेकोसमेत बताए।

### मन्त्री यादवको बर्खास्ती माग गर्दै प्रदर्शन

रौतहट। रौतहट सदरमुकाम गौरमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवको पुत्ला जलाइएको छ। हिंसा भड्काउने गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै मन्त्री यादवको बर्खास्ती माग गर्दै नेकपा एमाले निकट राष्ट्रिय युवा संघले रौतहट सदरमुकाम गौरमा प्रदर्शन गरेको छ। संघको केन्द्रीय सदस्य निवेश यादवको नेतृत्वमा सयौं युवाहरू सडकमा उत्रिएर नाराबाजी सहित प्रदर्शन गरेका छन्। एमाले पार्टी कार्यालयबाट सुरू भएको र्‍याली बिपी चौकमा गएर कोणसभामा परिणत भएको थियो। प्रदर्शनको नेतृत्व गरेका एमाले जिल्ला सदस्य समेत रहेका संघका केन्द्रिय सदस्य यादवले तत्काल मन्त्री रेणुलाई बर्खास्त गर्न माग गरे। साथै गौर हत्याकाण्डको फाइल पुनः खोलेर दोषीलाई कारवाहीको दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराएका छन्। गत माघ ५ गते मन्त्री यादवले पुनस् गौर हत्याकाण्ड गराइदिने भन्दै हिंसा भड्किने अभिव्यक्ति दिएपछि संघले मधेशभर प्रदर्शन गरेको छ।

### सुदूरपश्चिमका १२ कर्मचारीमा कोरोना

धनगढी। सुदूरपश्चिम प्रदेश सरकारका १२ जना उच्च पदस्थ कर्मचारीहरूमा कोरोना संक्रमण पुष्टि भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सामाजिक विकास मन्त्रालय र कृषि मन्त्रालयका १२ जना कर्मचारीहरूलाई कोरोना संक्रमण पुष्टि भएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका निमित्त प्रमुख सचिव ढुण्डीप्रसाद निरौलासहितका पाँचजना, सामाजिक विकास मन्त्रालयका छ जना र भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयका एक जना कर्मचारीमा संक्रमण पुष्टि भएको जनाइएको छ। मुख्यमन्त्रीका निजी सचिवसहितका अन्य दुई जनालाई पनि संक्रमण भएको छ। संक्रमण पुष्टि भएका कर्मचारीहरू आइसोलेसनमा बसेका छन्। यसैगरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा कार्यरत एक जना कार्यालय सहयोगीलाई पनि कोरोना पुष्टि भएको छ। संक्रमितहरूको अवस्था सामान्य रहेको र आइसोलेसनमा रहेको बताइएको छ।

### लुम्बिनी सरकारद्वारा सिंचाइ आयोजना अनुगमन

कपिलवस्तु। लुम्बिनी प्रदेश सरकार योजना आयोगको टोली कपिलवस्तुको गङ्गाघाट सिचाई आयोजनाको अनुगमन गरेको छ। आयोगका सदस्य डा. दमोदर भुसाल, शिव पुजन यादव, विष्णु माया थापा, योजना आयोजनाको अधिकृत सकुन्तला अर्याल, इन्जिनियर राज कुमार चौधरीको टोलीले गङ्गाघाटको अनुगमनको गरेको जनाएको छ। कपिलवस्तुको शिवराज नगरपालिका र विजयनगर गाउँपालिकाका खेतीयोग्य जमिन सिचाई गर्न गङ्गाघाट सिचाई आयोजनाको सुरूवात गर्न अनुगनम गरिएको आयोगका सद्स्य शिवपुजन यादवले जानकारी दिए। रू १५ करोड ४८ को लागतमा सम्पन्न हुने योजनाको गत वर्ष डिपिआर समेत भैसकेको छ। यस आर्थिक बर्षमा रू २ करोड ५० लाख रकम प्रदेश सरकारद्वारा बिनियोजित भएको सिचाई डिभिजन कार्यालय कपिलवस्तु तौलिहवाले न्युज सेन्टर नेपाललाई जनाएको छ। अब केही महिनामा योजनाको निर्माणकार्य सुरूहुने इन्जिनियर राज कुमार चौधरीले बताए।

### मधेश प्रदेशमा सिद्धिकी र अर्याल विजयी

जनकपुरधाम। जनकपुरधामः राष्ट्रिय सभा निर्वाचनअन्तर्गत मधेस प्रदेशमा अन्य समूहतर्फ सत्ता गठबन्धनका उम्मेदवार खालिद सिद्धिकी विजयी भएका छन्। पाँच दलीय गठबन्धनको तर्फबाट जनता समाजवादी पार्टी नेपालका उम्मेदवार सिद्धिकी अन्य समूह तर्फबाट विजयी भएका हुन्। सिद्धिकीले ६ हजार ६ सय ७८ मतभार ल्याएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी एमाले-लोसपा गठबन्धनका उम्मेदवार उस्मान अन्सारीले २ हजार ७ सय ६६ मतभार ल्याएका छन्। त्यस्तै महिलातर्फ सत्ता गठबन्धनकी उर्मिला अर्याल विजयी भएकी छन्। सत्ता गठबन्धनको महिला समूहबाट माओवादी केन्द्रकी उर्मिला अर्याल ६ हजार १ सय ५६ मतभार ल्याएर विजयी भएकी हुन्। एमाले-लोसपा गठबन्धनबाट महिला तर्फ उम्मेदवारी दिएकी लोसपाकी रूपा कुमारी यादवले ३ हजार २ सय २८ मतभारमात्रै ल्याउन सकिन्। स्थानीय तहको प्रमुख र उपप्रमुखको मतभार १८ र प्रदेशसभा सदस्यको मतभार ४८ रहेको छ। जसअनुसार स्थानीय तहका ४ हजार ८ सय २४ र प्रदेशसभाका ४ हजार ९ सय ९२ गरी कूल ९ हजार ८ सय १६ मतभार रहेको छ।

17-41, Madheshvani, Magh-14, 2078.pmd 4 1/28/2022, 10:32 AM

# राष्ट्रियसभा सदस्य निर्वाचनको अन्तिम परिणाम

| प्रदेश | निर्वाचित समूह | निर्वाचित उम्मेदवारको नाम | प्राप्त मतभार | राजनीतिक दल/स्वतन्त्र | कैफियत |
|---|---|---|---|---|---|
| प्रदेश न. १ | महिला | जयन्ती देवी राई | ४६९२ | नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) | |
| | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक | सोनाम गेल्जेन शेर्पा | ४७७० | नेपाल कम्यूनिष्ट पार्टी (एमाले) | |
| | अन्य | गोपाल कुमार बस्नेत | ४४८८ | नेपाली कांग्रेस | गोलाबाट एक मत प्राप्त गरेकोले जम्मा मत ४४८९ |
| मधेश | महिला | उर्मिला अर्याल | ६१५६ | नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) | |
| | अन्य | मोहमम्द खालिद | ६६७८ | जनता समाजवादी पार्टी, नेपाल | |
| बागमती | महिला | गोमादेवी तिमिल्सीना | ४८२४ | नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) | |
| | अन्य | कृष्णप्रसाद पौडेल | ४७९४ | नेपाली कांग्रेस | |
| गण्डकी | महिला | कमला पन्त | ३०८४ | नेपाली कांग्रेस | |
| | दलित | भुवन बहादुर सुनार | ३०४८ | नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) | |
| | अन्य | सुरेश कुमार आलेमगर | ३०९६ | नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) | |
| लुम्बिनी | महिला | राजेन्द्रलक्ष्मी गैरे | ४३७४ | नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) | |
| | दलित | तुल प्रसाद विश्वकर्मा | ४३५६ | राष्ट्रिय जनमोर्चा | |
| | अन्य | युवराज शर्मा | ४३४४ | नेपाली कांग्रेस | |
| कर्णाली | महिला | दुर्गा गुरुङ | २९७० | नेपाली कांग्रेस | |
| | अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक | नर बहादुर विष्ट | ३००६ | नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) | |
| | अन्य | उदय बहादुर बोहरा | ३००६ | नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) | |
| सुदूर पश्चिम | महिला | मदन कुमारी शाह (गरिमा) | ३८३४ | नेपाल कम्यूनिष्ट पार्टी (एकीकृत समाजवादी) | |
| | दलित | जगत बहादुर पार्की | ३७६२ | नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) | |
| | अन्य | नारायण दत्त मिश्र | ३७४४ | नेपाली कांग्रेस | |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।
२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।
३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।
४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।

## मन्त्री यादवको पक्षमा प्रदर्शन

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल (जसपा) निकट समाजवादी महिला संघले भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवको पक्षमा प्रदर्शन गरेको छ । माघ ५ गते बलिदानी दिवस मनाउने क्रममा जनमत पार्टीका कार्यकर्ताहरूले मन्त्री यादवमाथि दुर्व्यवहार गरेको भन्दै महिला संघले प्रदर्शन गरेको हो । माघ ५ गते बलिदानी दिवस मनाउन गौर पुगेको मन्त्री यादवमाथि जनमत पार्टीका नेता कार्यकर्ताहरूले सुनियोजित ढंगले भाला, लाठी र अन्य घरेलु हात-हथियारको प्रयोग गरी हत्याको प्रयास गरेको संघको आरोप छ । संघले मन्त्रीमाथि भएको त्यस किसिमका दुर्व्यवहार रोक्न समेत माग गरेको छ । संघले यस्ता किसिमका गैरराजनीतिक कार्य गर्नेहरूलाई तत्कालै कारबाही गर्न मागसमेत गरेको छ । मधेश प्रदेशको जनकपुर, रौतहट, महोत्तरीको जलेश्वरलगायत विभिन्न स्थानमा सोमबार प्रदर्शन गर्दै महिला संघले मन्त्री लगायत महिला नेतृत्वकर्मीको सुरक्षाको माग समेत गरेको छ । त्यस्तै, दुर्व्यवहार गर्नेहरूमाथि कारबाही गर्न संघले माग गरेको छ ।

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### मन्त्री रेणु यादवविरुद्ध युवा संघद्वारा प्रदर्शन

जनकपुरधाम । एमालेको भातृसंगठन युवा संघ नेपाल, मधेश प्रदेशले भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवको राजीनामा मागेको छ । सीके राउतलाई लक्षित गर्दै दिएको अभिव्यक्तिको विरोधमा संघले शुक्रबार जनकपुरधाममा प्रदर्शन गर्दै राजीनामा मागेको हो । प्रदर्शनका क्रममा युवा संघका कार्यकर्ताले सरकारविरूद्ध कडा नारावाजी समेत गरेका थिए । प्रधानमन्त्रीले मन्त्री यादवलाई बर्खास्त नगरे कडा आन्दोलन गर्ने चेतावनी युवा संघ, मधेश प्रदेशका अध्यक्ष जानी खानले दिए । मन्त्री यादवको विरूद्धमा युवा संघ नेपालले महोत्तरीको जलेश्वर तथा सप्तरीको राजविराजमा पनि प्रदर्शन गरेको छ ।

### गाउँपालिकामा अख्तियारको छापा

महोत्तरी । अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिबासको टोलीले महोत्तरीको पिपरा गाउँपालिकामा छापा मारेको छ । गाउँपालिका कार्यालयविरूद्ध परेका विभिन्न ३२ वटा उजुरीको आधारमा अख्तियारको टोली अनुसन्धानका लागी छापा मारेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिबासले जनाएको छ । 'जनप्रतिनिधि र कर्मचारीले विभिन्न योजनामा अनियमितता गरेको उजुरीको आधारमा कागजात नियन्त्रणमा लिएर अनुसन्धान थालेका हौं,' अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिबासका प्रवक्ता मणिराम ज्ञवालीले भने ।

### सुदूरपश्चिममा कोरोनाबाट एकको मृत्यु

धनगढी । धनगढीको सेती प्रादेशिक अस्पतालमा उपचाररत एक जना कोरोना संक्रमितको मृत्यु भएको छ । प्रादेशिक अस्पतालको कोभिड अस्थायी अस्पतालमा उपचाररत धनगढी उपमहानगरपालिका-१ का ७७ वर्षीय पुरूषको उपचारका क्रममा सोमबार बिहान मृत्यु भएको हो । ती पुरूषको आइसीयूमा राखेर उपचार भइरहेको थियो । उनमा माघ ६ गते कोरोना परीक्षण गर्दा पोजेटिभ देखिएको थियो ।

### लागूऔषध र नगदसहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१० ट्राफिक चोकबाट करिब ३० ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ, नगद १ लाख ८३ हजार ६० रूपैयाँ र च्यापर कागज सहित ३ जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नेपालगंज उपमहानगरपालिका-१० ट्राफिक चोक बस्ने ३५ वर्षीया मुन्नि जोलाह, सोही उपमहानगरपालिका-१६ बस्ने ३९ वर्षीय कल्लु जोलाह र ३५ वर्षीया जरिना अन्सारी रहेका छन् । वडा प्रहरी कार्यालय नेपालगंज र लागूऔषध नियन्त्रण ब्यूरो नेपालगंज बाँकेबाट खटिएको संयुक्त प्रहरीले उनीहरूलाई उक्त पदार्थ तथा नगद सहित फेला पारी पक्राउ गरेको हो ।

### कैलालीका अत्यावश्यकबाहेक सेवा बन्द

धनगढी । जिल्ला प्रशासन कार्यालय कैलालीमा कार्यरत १५ जना कर्मचारीलाई कोरोना संक्रमण पुष्टि भएको छ । कोरोनासँग मिल्दाजुल्दा लक्षण भएका २३ जना कर्मचारीले नमूना परीक्षण गराउँदा १५ जनामा संक्रमण देखिएको सूचना अधिकारी शिवराज जोशीले जानकारी दिए । उनका अनुसार कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालयले अत्यावश्यकबाहेकका नियमित सेवा बन्द गरिएको छ । प्रशासनले सूचना जारी गर्दै अत्यावश्यकबाहेकका सबै सेवाबन्द गरिएको जानकारी दिएको छ । सूचनाअधिकारी जोशीकाअनुसार अन्य कर्मचारीहरूमा समेत कोरोनासँग मिल्दाजुल्दा लक्षण देखिएकाले परीक्षण गराउने तयारी भइरहेको छ ।

### आफ्नै बुबाको हत्या गर्ने पक्राउ

मोरङ । आफ्नै बुबा ८० वर्षीय दल बहादुर खत्रीको कुटपिट गरी हत्या गरेको अभियोगमा बेलबारी नगरपालिका-९ डाँगाबजार बस्ने ३५ वर्षीय जय बहादुर खत्रीलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । मादक पदार्थ सेवन गरेका जय बहादुरले घरायसी बिषयमा बादबिवाद तथा झै-झगडा हुँदा आफ्नै बुबालाई कुटपिट गर्दा मृत्यु भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी डाँगाबजार र ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गर्ने युवक पक्राउ

रौतहट । ३० वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा फतुवा विजयपुर नगरपालिका-३ मेवा बस्ने ३० वर्षीय चन्दन साह कानुलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । कानुले ती महिलालाई जबरजस्ती करणी गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट मेवाटेङग्राहा र ईलाका प्रहरी कार्यालय लक्ष्मीनियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

रौतहट । गरूडा नगरपालिका-४ गरूडा गाउँस्थित सडकमा ना.६२ प ३३९९ नम्बरको मटरसाइकल अनियन्त्रित भई बुधबार राति दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १९ वर्षीय महमद अलताफ आलम र २५ वर्षीय रवि साहको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको उपचारको लागि झाझपुलस्थित ग्राण्डी अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### जबरजस्ती करणी गर्ने युवक पक्राउ

रूपन्देही । बाइस वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा लुम्बिनी सांस्कृतिक नगरपालिका-९ बस्ने २६ वर्षीय सुवाष यादवलाई प्रहरीले पक्राउ गरेको छ । उनीले ती महिलालाई लुम्बिनी सांस्कृतिक नगरपालिका-१३ पिपरास्थित खाली खेतमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय लुम्बिनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### करेन्ट लागेर महिलाको मृत्यु

धनुषा । धनुषाधाम नगरपालिका-३ तेजनगर बस्ने ५५ वर्षीया बिन्देश्वरी कापरको करेन्ट लागेर शुक्रबार राति मृत्यु भएको छ । सोही ठाउँ बस्ने राज कुमार यादवको घरमा बिहेको अवसरमा गित गाउनलाई माईक समाउँदा अचानक करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएकी उनको उपचारको लागि प्रादेशिक अस्पतल जनकपुरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### बलेरो र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-२ एनसिसिएन चोकस्थित सडकमा भे.१ च २८१५ नम्बरको बलेरो जिप र भे.१० प ४६८ नम्बरको मोटरसाइकल एक-आपसमा ठक्कर खाई दुर्घटना हुँदा एकको मृत्यु भएको छ । शनिबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक बर्दिया बढैयाताल नगरपालिका-३ बस्ने २० वर्षीय राजन कुमार थारूको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटना घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २२ वर्षीय किशोर थारूको सोही अस्पतालमा उपचार भइरहेको छ । बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

रूपन्देही । सैनामैना नगरपालिका-४ लुम्बिनीस्थित सडकमा लु.९ प ३०३४ नम्बरको मोटरसाइकलको ठक्करबाट सोही ठाउँ बस्ने २३ वर्षीया लक्ष्मी श्रीस मगरको मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । आफूले सामान किन्दै गरेको ठेलालाई लु.८ प ४१७३ नम्बरको मोटरसाइकलले ठक्कर दिएपछि आत्तिएर बाटो काट्ने क्रममा लु.९ प ३०३४ नम्बरको मोटरसाइकलले उनलाई ठक्कर दिएको हो । दुवै मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### कोरोना संक्रमित वृद्धाको मृत्यु

नेपालगञ्ज । नेपालगञ्जमा एक जना कोरोना संक्रमितको मृत्यु भएको छ । नेपालगञ्ज उपमहानगरपालिका-२ की ७० वर्षीया महिलाको आज बिहान ७ बजेर ५० मिनेटमा मृत्यु भएको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ । माघ ८ गते नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा गरिएको पीसीआर परीक्षण रिपोर्ट पोजेटिभ आएपछि ती महिलालाई भोलिपल्ट भेरी अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो । उनको मृत्युसँगै कोरोना संक्रमणबाट बाँके जिल्लाका मृतकको संख्या ३४६ पुगेको छ ।

Azadi Ka Amrit Mahotsav

# आज़ादी का अमृत महोत्सव
# भारतको ७३औं गणतन्त्र दिवस

आज़ादी का अमृत महोत्सव

## उच्चस्तरीय भेटवार्ता





भारतका विदेशमन्त्री डा. एस जयशंकर र नेपालका परराष्ट्रमन्त्री डा. नारायण खड्का बीच २६ सेप्टेम्बर २०२१मा न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्र संघको महासभाको 'साइडलाईन' बैठकमा भेटवार्ता भयो । वहाँहरूबीच ६ जनवरी २०२२मा टेलिफोन वार्ता समेत भएको थियो ।

भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नेपालका सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवासँग २ नोभेम्बर २०२१मा ग्लास्गोमा आयोजित विश्व जलवायु सम्मेलन कोप-२६ को 'साइडलाईन' बैठकमा भेटवार्ता गर्नुभयो । यसअघि प्रधानमन्त्री मोदीले प्रधानमन्त्री पदमा नियुक्त भएकोमा देउवालाई जुलाइ २०२१मा टेलिफोनमार्फत बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो ।

## राजदूतको संदेश



भारतको ७३औं गणतन्त्र दिवसको शुभ अवसरमा, म भारतीय साथीहरू तथा नेपालमा रहेका भारतका मित्रहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रगति, समृद्धि र विकासले नेपालसँगको हाम्रो द्विपक्षीय सम्बन्धलाई बलियो आधार दिएको छ । सन् २०२१ मा भएका केही उच्चस्तरीय राजनीतिक भेटघाटले हाम्रो साझेदारीलाई महत्वपूर्ण गति प्रदान गरेको छ । भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नेपालका प्रधानमन्त्री शेरबहादुर देउवासँग २ नोभेम्बर २०२१मा ग्लास्गोमा कोप-२६ को साइडलाईन बैठकमा भेटवार्ता गर्नुभएको थियो । दुई प्रधानमन्त्रीबीच १९ जुलाइ २०२१मा टेलिफोन वार्ता समेत भएको थियो । भारत र नेपालका परराष्ट्रमन्त्रीहरू बीच छैटौं संयुक्त आयोगको बैठक १५ जनवरी २०२१मा नयाँ दिल्लीमा भएको थियो । भारतका विदेशमन्त्री डा. एस. जयशंकरले नेपालका परराष्ट्रमन्त्री डा. नारायण खड्कासँग २६ सेप्टेम्बर २०२१मा न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्र संघको महासभाको साइडलाईन बैठकमा भेटवार्ता गर्नु भई परराष्ट्रमन्त्री खड्कालाई २६ सेप्टेम्बर २०२१मा टेलिफोन मार्फत नयाँ वर्षको शुभकामना दिनु भएको थियो ।

जयनगर-कुर्था-बिजलपुरा र जोगबनी-विराटनगरलाई जोड्ने अन्तरदेशीय रेलमार्ग आयोजनामा उल्लेख्य प्रगति भएको छ । जयनगर-कुर्था खण्ड नेपाल सरकारलाई हस्तान्तरण गरिएको छ । दुवै देशका रेलवेले लेटर अफ एक्सचेन्जमा हस्ताक्षर गरेका छन् जसबाट भारतीय रेलमार्गको प्रयोगले नेपालका सामानहरूको कारोबार र पारवहन सहज हुनेछ । भूकम्पपश्चातको पुनर्निर्माण सहायताको एक हिस्सा अनुरूप गोरखा र नुवाकोट जिल्लामा ५० हजार घरहरूको पुनर्निर्माण र हुलाकी राजमार्ग अन्तर्गतका सडक प्याकेजको निर्माण कार्य सम्पन्न भई नेपाललाई हस्तान्तरण गरिएको छ । भारतले सन् २०२१ नोभेम्बरमा नेपाल सरकारको अनुरोधमा ५०,००० मेट्रिक टन युरिया र डीएपी मल आपूर्तिलाई प्राथमिकता दिएको थियो । उत्पादन, व्यापार तथा प्रसारण जस्ता विविध क्षेत्रहरूमा भारत र नेपालबीचको उर्जा सहकार्य बढेर गएको छ ।

दुई देशबीचको व्यापक कोभिड-१९ सहकार्यले सन् २०२१ मा पनि निरन्तरता पायो । जनवरीमा भारतले अनुदान स्वरूप १० लाख मात्राको खोप नेपाललाई उपलब्ध गराएको थियो । साथै आइसियु बेड, मेडिकल अक्सिजन प्लान्ट र अन्य अतिरिक्त सहयोगहरू पनि गरेको थियो । सन् २०२१ मै दुवै देशहरूले खोप प्रमाणपत्रको पारस्परिक मान्यतामा पनि सहमति जनाएका छन् जसले दुवै देशबीचको यात्रालाई सहज बनाउनेछ । कोभिड-सम्बन्धी कडा प्रतिबन्धहरूका बाबजुद दुवै देशबीचको व्यापार निर्बाध ढङ्गले अघि बढेको छ ।

दुवै देशका नागरिकहरूका लागि अवसरहरू अभिवृद्धि गर्न तथा दुवै देशको पारस्परिक हितमा काम गर्न द्विपक्षीय साझेदारीमा हासिल भएको यस गतिमा नेपालका सबै सरोकारवालाहरूसँग मिलेर काम गर्ने हाम्रो इच्छा हो ।

जय हिन्द !
२६ जनवरी २०२२

(विनय मोहन क्वात्रा)

## विकासमा साझेदारी



### गोरखा र नुवाकोट जिल्लामा ५० हजार निजी आवास पुनर्निर्माण सम्पन्न

गोरखा र नुवाकोट जिल्लाका जनतासँग पुनर्निर्माण कार्यमा हातेमालो गर्न पाउँदा भारत सरकार गर्व महसुस गर्दछ । डिसेम्बर २०२१मा आयोजित पुनर्निर्माण सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलनमा विदेशमन्त्री डा. एस जयशंकरले नेपालमा आवास परियोजना सफलतापूर्वक सम्पन्न भएको उल्लेख गर्दै भारत र नेपालबीच समग्र पुनर्निर्माणमा भएका सहकार्यको चर्चा गर्नुभयो ।



### जयनगर-कुर्था रेलमार्ग हस्तान्तरण

नेपालका लागि भारतीय राजदूत श्री विनय मोहन क्वात्रा र नेपालका भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्रीमती रेणु कुमारी यादवको उपस्थितिमा अक्टूबर २०२१मा ३४.९ किलोमिटर लामो रेलमार्ग नेपाल सरकारलाई हस्तान्तरण गरियो ।

यो रेलमार्ग ८.७७ अर्ब रूपैयाँको लागतमा निर्माण भइरहेको जयनगर-बिजलपुरा-बर्दीबास रेलमार्ग परियोजना अर्न्तगत पर्दछ ।



### हुलाकी सडक सञ्जालको सुदृढीकरण

नेपालका लागि भारतका राजदूत श्री विनय मोहन क्वात्रा र नेपालका तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री वसन्त कुमार नेम्वाङले मार्च २०२१मा नेरू ८ सय करोडको लागतमा निर्माण भएका १० वटा सडकहरू संयुक्त रूपमा नेपाली जनतालाई हस्तान्तरण गर्नुभयो । यी सडकहरूले तराई क्षेत्रलाई नेपालका अन्य स्थानका साथै भारतसँग जोड्न सघाउनेछ ।



### सीमापार रेल सञ्जालसम्बन्धि सम्झौता पत्रमा हस्ताक्षर

भारतको जयनगर र नेपालको कुर्थाबीच यात्रुबाहक रेल सेवा सञ्चालनका लागि रक्सौल-काठमाडौं रेलमार्गको सर्भे र Joint Standard Operating Procedures (SoPs) सम्बन्धि सम्झौता पत्रमा दुई देशबीच अक्टुबर २०२१ मा हस्ताक्षर भयो ।



### प्रथम कम्पन जाँच उपकरणको हस्तान्तरण

भारत सरकारको आर्थिक सहयोगमा निर्मित यो उपकरण सन् २०२१ नोभेम्बरमा नेपालका शहरी विकास मन्त्री श्रीमती रामकुमारी झाँक्रिको उपस्थितिमा ललितपुरस्थित पुल्चोक इन्जिनियरिङ क्याम्पसलाई हस्तान्तरण गरियो । यसले नेपालमा सुरक्षित निर्माण र सवलीकरणका विधिलाई थप मजबुत बनाउनेछ ।



### सर्लाही, गोरखा, पाल्पा, दार्चुलामा विद्यालय उद्घाटन

पाल्पामा ३ वटा, दार्चुलामा २ वटा, सर्लाहीमा २ वटा तथा मकवानपुर, चितवन र गोरखामा १/१ वटा गरी नेपालका विभिन्न जिल्लाहरूमा सन् २०२१ मा १० वटा विद्यालय उद्घाटन भएका छन् । यसले नेपालको विभिन्न क्षेत्रहरूमा सिकाइको राम्रो वातावरण सिर्जना गर्न मद्दत गर्नेछ ।



### जेष्ठ नागरिक आनन्द निकेतन भवनको उद्घाटन

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा र राजदूत श्री विनय मोहन क्वात्राले अगस्ट २०२१मा ललितपुरस्थित ज्यापु समाज जेष्ठ नागरिक आनन्द निकेतन भवनको संयुक्त रूपमा उद्घाटन गर्नुभयो । यो भवन जेष्ठ नागरिकहरूको उचित हेरचाहका लागि अपाङ्गमैत्री संरचना सहितको सुविधा भएको एक नमुना भवनको रूपमा रहेको छ ।



### INTACH वेबसाइटको सुरूवात

भारतीय सहयोग अन्तर्गत नेपालमा भइराखेका सांस्कृतिक पुनर्निर्माण परियोजनाबारे जानकारी दिन सन् २०२१ अगस्टमा भारतका राजदूत श्री विनय मोहन क्वात्राले Indian National Trust for Art and Cultural Heritage (INTACH) वेबसाइटको सुरूवात गर्नुभयो ।

## रक्षा सहकार्य



नेपाली सेनाका प्रधान सेनापति महारथी श्री प्रभुराम शर्माले नोभेम्बर २०२१मा भारत भ्रमण गर्नुभयो । राष्ट्रपति भवनमा आयोजित विशेष समारोहबीच भारतका माननीय राष्ट्रपति श्री रामनाथ कोविन्दले जनरल शर्मालाई मानार्थ महारथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो ।




भारत-नेपाल संयुक्त सैन्य प्रशिक्षण अभ्यास 'सूर्य किरण' को १५औं संस्करण सेप्टेम्बर २०२१मा भारतको पिथौरागढमा आयोजना गरियो । प्रशिक्षणको क्रममा भारतीय सेना र नेपाली सेनाका प्रत्येक इन्फेन्ट्री बटालियनले सँगै प्रशिक्षण लिएका थिए ।

## व्यापार साझेदारी

अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७७-७८ मा नेपालको समग्र द्विपक्षीय व्यापार भण्डै ३४ प्रतिशतले बढेको छ भने भारततर्फ नेपालको निर्यात ५१ प्रतिशतले बढेको छ । सन् २०२१ मा अन्तरदेशीय विद्युत व्यापारका लागि भारतले अघि सारेको नयाँ कार्यविधिबाट लाभान्वित हुने नेपाल पहिलो देश बनेको छ ।

भारतीय लाइन अफ क्रेडिट अन्तर्गत नेरू ४.५ अर्ब लागतमा निर्माण सम्पन्न भएको कोशी कोरिडर प्रसारण लाइनले नेपालमा विद्युत् प्रसारण पूर्वाधारलाई थप मजबुत बनाउनेछ ।



## शैक्षिक आदानप्रदान



नेपालका युवाहरूलाई उपलब्ध शैक्षिक अवसरहरू अभिवृद्धि गर्न हेतु भारत सरकारले छात्रवृत्ति योजना र प्रशिक्षण कार्यक्रम प्रदान गर्दै आएको छ । पछिल्लो दुई वर्षमा विभिन्न छात्रवृत्ति योजना अन्तर्गत करिब ४ हजार १ सय छात्रवृत्ति प्रदान गरिएको छ ।

### नेपालमा अध्ययन गर्नका लागि

**2500** कक्षा ११ र १२ मा अध्ययन गर्न महात्मा गान्धी छात्रवृत्ति योजना अन्तर्गत

**400** विविध स्नातक तह कोर्ष अध्ययन गर्न गोल्डेन जुब्ली छात्रवृत्ति योजना अन्तर्गत

### भारतमा अध्ययन गर्नका लागि

**1150** विभिन्न स्नातक, स्नातकोत्तर र विद्यावारिधी कोर्षहरू अध्ययनका लागि

**63** भारतको आर्मी पब्लिक स्कुलमा अध्ययनका लागि

**203** भारत सरकारको भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (ITEC) कार्यक्रम अन्तर्गत भारतका ३४ वटा संस्थानमा सञ्चालित ४९ वटा विभिन्न कोर्षहरूमा नेपाली प्रशिक्षार्थीहरूलाई तालिम दिइएको थियो ।

## विश्व परिवेश

# भारतले यसरी मनायो ७३ औं गणतन्त्र दिवस



नयाँ दिल्ली । भारतले मंगलबार ७३ औं गणतन्त्र दिवस मनाएको छ । भव्य सैनिक परेड र सांस्कृतिक झाँकी प्रदर्शनसहित भारतले ७३ औं गणतन्त्र दिवस मनाएको हो । दिल्लीको राजपथमा आयोजित समारोहमा ७५ वटा विमान र होलिकोप्टको फ्लाइपास्टका देश्य समारोहका मुख्य आकर्षण बने ।

भारतीय स्वतन्त्रताको ७५ औं वर्षगाँठ पनि भएकाले यसलाई 'आजादीका अमृत महोत्सव' भन्दै मनाइएको थियो । विदेशी पाहुनालाई आमन्त्रण नगरिएको समारोहमा पूर्ण मात्रा खोप लगाएका बालबालिकादेखि वृद्धवृद्धासम्मलाई कार्यक्रममा सहभागि गराइएको थियो । समारोह सुरू हुनुअघि युद्धमा ज्यान गुमाउने शहीदहरूको स्मारकमा पुगेर माल्यार्पण गरेका थिए । गणतन्त्र दिवस समारोहमा प्रधानमन्त्री मोदीले उत्तराखण्डको परम्परागत टोपी लगाएका थिए । साथै, उत्तराखण्डको राष्ट्रिय फूल ब्रम्हकमल अंकित पहिरन पनि उनले लगाएका थिए ।

१२८ जनालाई पद्मश्री पुरस्कार घोषणा

भारतको ७३ औं गणतन्त्र दिवसको अवसरमा केन्द्र सरकारले पद्म पुरस्कारको घोषणा गरेको छ । अघिल्ला वर्षजस्तै यसवर्षको पद्मश्री पुरस्कारको सूचीमा पनि फरक-फरक क्षेत्रमा आफ्नो योगदान दिँदै आइरहेका १२८ व्यक्तित्वहरू समावेश छन् ।

भारतका चर्चित गायिका सन्ध्या मुखर्जी उर्फ सन्ध्या मुखोपाध्यायलाई पुरस्कारको घोषणा गरियो । यद्यपि, गायिका मुखर्जीले प्रस्ताव अस्वीकार गरेकी छन् । सम्मानका लागि उनको स्वीकृति लिन केन्द्र सरकारका अधिकारीहरूले उनलाई फोनमा सम्पर्क गरेका थिए । तर, उनकी छोरी सौमा सेनगुप्ताले आमाले यो अवार्ड अस्वीकार गरेको फोनमार्फत सरकारी अधिकारीलाई जानकारी दिएकी हुन् ।

कैयौं प्रशंसकले गायिकाको यो निर्णयलाई समर्थन गरेका छन् । उनलाई 'बंग विभूषण' जस्ता थुप्रै प्रतिष्ठित सम्मानहरूबाट सम्मानित गरिसकिएको छ ।

गायक तथा म्युजिक निर्देशक सोनु निगमको नाम पनि सूचीमा समावेश छ । पछिल्लो तीन दशकदेखिको आफ्नो गायन करिअरमा सोनुले हिन्दीलगायत विभिन्न भाषाका ५ हजार भन्दा धेरै गीतमा आवाज दिएका छन् । चलचित्रलगायत थुप्रै एल्बमका लागि गाएका सोनुले चलचित्र 'कल हो ना हो'को टाइटल ट्र्याकका लागि 'राष्ट्रिय फिल्म पुरस्कार' पाएका थिए । यसका साथै सोनुले थुप्रै अवार्ड पाइसकेका छन् ।

१२८ मा पर्न सफल अर्को नाम हो, चन्द्रप्रकाश द्विवेदी । राष्ट्रिय अवार्ड विजेता निर्देशक द्विवेदीले मोहल्ला अस्सी, पिजर, जेड प्लसलगायत अक्षय कुमार अभिनीत पृथ्वीराजलगायत थुप्रै चलचित्र निर्देशन गरेका छन् । उनी 'चाणक्य' को भूमिकाका कारण पनि चर्चित छन् ।

# भारतलाई हल्लाउने कुनै शक्ति छैन : मोदी

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको १०० औं स्वतन्ता दिवस अघिसम्म सरकारले नयाँ भारत बनाउने लक्ष्य राखेको बताएका छन् । स्वर्गीय नेताजी सुभाषचन्द्र बोसको प्रतिमाको अनावरण गर्दै प्रधानमन्त्री मोदीले भने, 'स्वतन्त्रत भारतको सपनाका लागि कहिल्यै विश्वास नगुमाउनू । भारतलाई हल्लाउने अहिलेसम्म विश्वमा कुनै शक्ति छैन ।' सरकारले स्वतन्त्र भारतको सपना साकार पार्ने लक्ष्य पूरा गरेको उनले बताए । 'भारतले १०० औं स्वतन्त्रता दिवस मनाउनुअघि हामीले नयाँ भारत बनाउने लक्ष्य राखेका छौं', मोदीले भने । सन् २०४७ मा भारतले १००औं स्वतन्त्रता दिवस मनाउनेछ । देशका लागि सेवा गर्ने क्रममा शहीद भएका सुरक्षाकर्मीप्रति श्रद्धान्जली व्यक्त गर्दै मोदीले भने, 'देशका लागि आफ्नो अमूल्य जीवन समर्पण गर्ने सम्पूर्ण सुरक्षाकर्मीप्रति श्रद्धा व्यक्त गर्न चाहन्छु ।'

# भारतसँग स्वतन्त्र व्यापार सम्झौता गर्न बेलायत सहमत

लन्डन । बेलायत सरकारले बिहीबार भारतसँग स्वतन्त्र व्यापार सम्झौता गर्ने समझदारी गरेको छ । यसलाई बेलायती व्यवसायहरूलाई भारतीय अर्थतन्त्रसँग जोड्ने सुनौलो अवसरको रूपमा पनि व्याख्या गरिएको छ ।

बेलायती प्रधानमन्त्री बोरिस जोनसनले भारतसँगको ऐतिहासिक साझेदारीलाई अर्को तहमा लैजाने र स्कच व्हिस्की, वित्तीय सेवाहरू र अत्याधुनिक नवीकरणीय प्रविधिलाई फाइदा हुने केही प्रमुख क्षेत्रहरूको विषयमा जोड दिएका छन् । यस विषयमा औपचारिक सम्झौतामा हस्ताक्षर गर्नका लागि वार्ताको पहिलो चरण अर्को हप्ता सुरू हुने अपेक्षा गरिएको छ ।

भारतको बढ्दो अर्थतन्त्रसँगको व्यापार सम्झौताले बेलायती व्यवसायहरू, कामदारहरू र उपभोक्ताहरूका लागि ठुलो फाइदाहरू प्रदान गर्ने अपेक्षा छ । हामीले भारतसँगको हाम्रो ऐतिहासिक साझेदारीलाई अर्को तहमा लैजाने क्रममा, बेलायतको स्वतन्त्र व्यापार नीतिले रोजगारीहरू सिर्जना गर्दै छ, पारिश्रमिक बढाउँदछ र देशभरि नवचारहरू बढाउँदछ, बेलायती प्रधानमन्त्री जोनसनले भने ।

# नेपाल–भारत साहित्य महोत्सव स्थगित

**काठमाडौं ।** नेपाल-भारत बीचको सम्बन्धलाई भाषा साहित्यका माध्यमबाट अझ सुदृढ बनाउने उद्देश्यका साथ आयोजना हुने नेपाल-भारत साहित्य महोत्सव कोभिड महामारीका कारण स्थगित भएको छ । आगामी फेब्रुअरी २६ देखि २८ सम्म आयोजना गर्ने भनिएको उक्त साहित्य सम्मेलन परिस्थिति सहज भएपछि सञ्चालन गरिने महोत्सवका संयोजक साहित्यकार राधेश्याम लेकाली जानकारी दिए ।

उनले भने, 'मेरठ लिटरेचर फेस्टिभल (क्रान्तिधरा मेरठ साहित्यिक महाकुम्भ) आयोजक समितिका अध्यक्ष डा.विजय पण्डितसहितको संयुक्त बैठकले हाललाई उक्त महोत्सव स्थगित गर्ने निर्णय गरिएको हो तर त्यसको तयारी भने रोकिने छैन ।'

महोत्सवका अवसरमा लोकार्पण गरिने स्मारिकालगायतका कामहरू सुचारू रहने महोत्सवका सहसंयोजक नरेन्द्रबहादुर श्रेष्ठले जानकारी दिए । सम्मेलनमा प्रस्तुत गरिने कार्यपत्रहरूको तयारी पनि जारी रहेको सदस्य प्रमोद प्रधानले जानकारी दिए ।

उक्त साहित्यिक महोत्सवमा पुस्तक प्रदर्शनी, साहित्यिक परिचर्चा, पुस्तक विमोचन, वरिष्ठ लेखक एवं संस्कृतिकर्मीसँग साक्षात्कार, लघुकथा वाचन, अनुवाद सत्र, सांस्कृतिक कार्यक्रम, कवि सम्मेलन, स्मारिका प्रकाशन, सम्मान समारोह लगायतका कार्यक्रम हुनेगर्छ ।

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

## जिल्ला समाचार

### कपिलवस्तुमा पनि मनाइयो स्मृति दिवस

कपिलवस्तु । मधेशवादका प्रणेता स्व.गजेन्द्र नारायण सिंहलाई कपिलवस्तुमा पनि स्मरण गरिएको छ । गजेन्द्र नारायण सिंह अध्ययनले केन्द्रले आयोजना गरेको कार्यक्रमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले स्व.गजेन्द्र नारायण सिंहको २०औं पुण्यतिथिमा स्मृति दिवस मनाएको छ । सो कार्यक्रममा लोसपा नेपालका नेता कार्यकर्ताहरूले स्व.सिंहको योगदानबारे चर्चा गरेका थिए । स्व.सिंहले नेपालमा संघीयताको परिकल्पना गरेको र आज पूरा भएको बताएका थिए ।

### तोडफोडको निन्दा गर्दै अभियनाद्वारा प्रदर्शन

विराटनगर । राष्ट्रिय एकता अभियानले बुधबार मोरङ्गको विराटनगर स्थित नोवेल मेडिकल कलेजमा भएको तोडफोडको निन्दा गर्दै प्रदर्शन गरेको छ । मेडिकल कलेजमा भएको तोडफोड र आतंक प्रति ध्यानाकर्षण भएको जनाउँदै अभियानका मोरङ जिल्ला संयोजक जितेन्द्र यादवको नेतृत्वमा घट्नामा संलग्नहरूलाई कारवाही गर्दै प्रदर्शन गरिएको हो । विधार्थी आन्दोलनको नाममा नोबेल हस्पिटलभित्र तोड़फोड़ तथा बिरामी कुरूवालाई आतंकित पार्ने एवं नर्सहरूसँग अभद्रता गरेकोविरूद्धमा अभियाले विरोध प्रदर्शन गरेको हो। प्रदर्शनमा हस्पिटलभित्र गुंडागर्दी गर्न पाइँदैन,बिरामीलाई आतंकित गर्न पाइँदैन,आन्दोलनको नाममा गुण्डागर्दी बन्द गर, नोबेल हस्पिटलभित्र आतंक मचाउने ऊपर कारवाही गर जस्ता अभियन्ताहरूले नारा लगाएका थिए । नोबेल मेडिकल कलेजमा विधार्थी संगठनको नाममा गुण्डागर्दी गरिएकोप्रति अभियानले समेत आपत्ति जनाएको छ । अभियानका संयोजक यादवले भने, 'अस्पताल, कलेज, मन्दिर लगायतका संरचना सामाजिक संरचना हुन् । त्यहाँ गएर विरामी तथा घाइते एवम् महिला स्वास्थ्यर्मीहरूलाई त्रसित र आतंकित बनाउँनु, धम्की दिनु, तोडफोड गर्नु र असुरक्षाको वातावरण श्रृजना गर्नु निन्दनीय कार्य हो।' आन्दोलन आफैमा गलत नभएपनि आन्दोलन सरोकारवाला केन्द्रित कुनुपर्ने अभियानको जोड छ। 'कलेजले कुनै गल्ती गरेको भए वा विद्यार्थीहरू समस्यामा परेको भए कलेजलाई नियमन गर्ने मेडिकल काउन्सिल जस्ता निकाय छन्' यादवले भने-'उनीहरूसँग सम्वन्धित भएर गरिएको भए आन्दोलनलाई जायज मान्न सकिन्छ ।'

### होटललाई ५० प्रतिशत कर छुट

पर्सा । वीरगन्ज महानगरपालिकाले होटल तथा पर्यटन व्यवसायीहरूलाई ५० प्रतिशतसम्म कर छुट दिने प्रतिवद्धता जनाएको छ । कोरोनाबाट प्रभावित होटल तथा पर्यटन व्यवसायीहरूको दबाबपछि बल्ल महानगरपालिका ५० प्रतिशतसम्म कर छुट दिन प्रतिवद्ध भएको हो । कोरोना भाइरसको कारण प्रभावित वीरगन्ज क्षेत्रका होटल तथा पर्यटन व्यवसायी पेशाबाट पलायन हुन थालेका थिए । एक अर्बभन्दा बढी लागत धरापमा पर्न थालेको समयमा बल्ल महानगर सम्पति कर र व्यवसाय करमा ५० प्रतिशत छुट दिन सहमत भएको होटल तथा पर्यटन व्यवसायी संघ पर्साका अध्यक्ष हरि पन्तले बताए । महानगरपालिकालाई आग्रह र दबाब दिँदा आइतबार महानगरपालिका नगरप्रमुख विजयकुमार सरावगी कर छुट दिन प्रतिवद्ध भएको उनले बताए । आर्थिक वर्ष २०७७/०७८ र ०७८/०७९ को व्यवसाय करमा ५० प्रतिशत छुट दिने सरावगीले बताए। सम्पति करमा पनि जरिवाना नलिई ५० प्रतिशत छुट दिने उनको भनाइ छ । तर आगामी चैत मसान्तभित्र ती व्यवसायीहरूले आफूले बुझाउनु पर्ने कर बुझाइसक्नु पर्ने उनको भनाइ छ । चैतपछि भने महानगरले कर छुट दिन नसक्ने महानगरप्रमुख सरावगीले तर्क गरे । प्रस्तावित नीतिमा कर छुट दिन सकारात्मक हुँदा पनि राजश्व नीतिमा होटल तथा व्यवसाय क्षेत्र केही कर्मचारीको कारण छुटेको उनको भनाइ छ । सम्पति र व्यवसाय करमा ५० प्रतिशतसम्म छुट दिने व्यवसायीहरूको ज्ञापन पत्र बुझ्दै आइतबार वीरगन्ज महानगरपालिकाका नगरप्रमुख सरावगीले सकारात्मक भएका हुन् ।

### गरीब तथा विपन्न बालबालिकालाई न्यानो वितरण

जनकपुरधाम । धनुषा चेम्बर अफ कमर्सको आयोजनामा मधेश प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको प्रमुख आतिथ्यमा गरीब तथा विपन्न परिवारका १०१ बालिकाहरूलाई समीज, सुरूवाल, दुपट्टा तथा शल (चादर ) वितरण गरिएको छ । उक्त कार्यक्रममा अध्यक्षता धनुषा चेम्बर का अध्यक्ष बिजय साह, कार्यक्रम संयोजक शंकर प्रसाद साह, विशिष्ट अतिथि पूर्बमंत्री अरविन्द साह तथा वाड़ाध्यक्ष जानकी राम साह, अतिथि पूर्ब मेयर बजरंग प्रसाद साह, गौ संरक्षण मंचका अध्यक्ष जगदीश महासेठ, मारवाड़ी सेवा समितिका अध्यक्ष निर्मल चौधरी, सशस्त्र प्रहरी बलका इन्स्पेक्टर लगायतका उपस्थिति थियो । स्वागत मन्तव्य धनुषा चेम्बरका वरिष्ठ उपाध्यक्षले राखेका थिए भने प्रमुख अतिथि, अतिथि लगायतका व्यक्तित्वले व्यापारिहरूको बर्तमान अवस्था सुधारबारे आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रम भ्रमरपुरा चौक स्थित होटल क्राउन प्लाज़ाको सभा हलमा होटल मालिकको सहयोगले सम्पन्न भएको थियो ।

### कपिलवस्तुमा लोसपाको वडा भेला सम्पन्न

कपिलवस्तु । जिल्लाको मायादेवी गाउँपालिका-५ सिसवामा लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रथम वडा भेला एवम् पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि जिल्ला पर्यवेक्षक मधुसुदन शरण चौधरी, विशिष्ठ अतिथि जिल्ला अध्यक्ष कैलाश अग्रहरी, अतिथि चिन्नी लाल विश्वकर्मा, सर्वजीत चौधरी, ज्ञानदास यादव, कमलेश शरण चौधरी, ओमकार नाथ शुक्ललगायतको अतिथित्वमा एवं कार्यक्रम को अध्यक्षता फूलचंद्र जैसवाल तथा मंच संचालन रजनीश पाण्डे र विशेष सहयोग दीप कुमार उपाध्याय, सूर्य प्रकाश चौधरी, खुरशेद आलम, त्रिपुरारी चौहानद्वारा कार्यक्रम सफलताको साथ सम्पन्न भएको जनाइएको छ ।

### हत्यामा संलग्न ५ जना पक्राउ

पर्सा । जगरनाथपुर गाउँपालिका-६ बस्ने नागेसर प्रसाद कुर्मीको छोरा १२ वर्षीय मन्टु प्रसाद कुर्मीको हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा जगरनाथपुर गाउँपालिका-६ बस्ने ६४ वर्षीय गोवारी राउत अहिर, ५५ वर्षीय नग राउत अहिर, ३२ वर्षीय शत्रुधन प्रसाद यादव, ३० वर्षीय मनमोहन प्रसाद यादव र २५ वर्षीय रोहन प्रसाद यादव रहेका छन् । उनीहरूमध्ये गोवरी राउत, नग राउत र शत्रुधनलाई शनिबार तथा मनमोहन र रोहनलाई बुधबार प्रहरीले पक्राउ गरेको हो । जगरनाथपुर गाउँपालिका-६ स्थित ऊखु खेतमा गत पुस २३ गते दिउँसो मन्टु प्रसादको हत्या भएको अवस्थामा शव फेला परेको घटनाको अनुसन्धानको क्रममा ईलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरीले छिपहरमाई गाउँपालिका-६ भिष्वास्थित नेपाल भारत सीमाबाट हत्यामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर अपहरण तथा कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### चरेससहित एक जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-४ एकताटोलबाट करिब ९ सय ग्राम अवैध लागूऔषध चरेससहित एक जना पक्राउ परेका छन् । सोही ठाउँ बस्ने ५० वर्षीय नर बहादुर धामीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### लागूऔषधसहित पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-२५ सिर्सियाबाट नियन्त्रित लागूऔषध नुर्फिन ८० एम्पुल, डाइजेपाम ८० एम्पुल र फेनारगन ८० एम्पुल सहित बारा कलैया उपमहानगरपालिका-१३ बलिरामपुर बस्ने ३७ वर्षीय निरज कुमार मेहतालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गर्ने युवक पक्राउ

पर्सा । १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा वीरगंज महनागरपालिका-२३ सबैठवा बस्ने २० वर्षीय भनु यादव भन्ने मुन्ना प्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको छ । यादवले ती किशोरीलाई डरत्रास देखाई अनुचित प्रभाव र दबाबमा पारी आफ्नै घरमा लगि पटक-पटक जबरजस्ती करणी गरेको भन्ने जानकारी प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जबरजस्ती करणी मुद्दामा जिल्ला अदालत पर्साबाट ६ दिन म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### चोरीपैठारीको सामान बरामद

बाँके । बाँके जिल्लाको नेपालगंज उपमहानगरपालिका १७ परसपुर ईलाकाबाट सशस्त्र प्रहरीले करीव १ लाख ७ हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा तथा भाडाकुडा बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरी बल, नेपाल नम्बर ३० गण बाँकेबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद सामान भन्सार कार्यालय नेपालगंजमा बुझाईएको छ ।

# काठमाडौंमा मनाइयो भारतको ७३औं गणतन्त्र दिवस

काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासमा भारतको ७३औं गणतन्त्र दिवस मनाइएको छ ।

नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै कार्यक्रमको शुभारम्भ भएको थियो । तत्पश्चात उनले कार्यक्रममा भारतका राष्ट्रपतिको सन्देश पढेर सुनाएका थिए । भारतीय राजदूत क्वात्राले वीर नारी र मृतक सैनिकका निकटतम नातेदारलाई नेरू ६.३५ करोड नगद तथा कम्बल वितरण गरी सम्मान गरेका थिए । मानवीय प्रयासका सबै क्षेत्रहरूमा भारतीयले हासिल गरेका उल्लेखनीय उपलब्धि र भारतको स्वतन्त्रताको पचहत्तर वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको 'आजादीका अमृत महोत्सव' पहलकदमीकै एक हिस्साको रूपमा यो कार्यक्रमको आयोजना गरिएको जनाइएको छ ।

आजादीका अमृत महोत्सव अन्तर्गत वर्षैभरी र सन् २०२३ को अगस्ट महिनासम्म थुप्रै कार्यक्रमहरूको आयोजना गरिने दूतावासले जनाएको छ ।



नेपालमा India@75 माइलस्टोन मनाउनका लागि नेपालका प्रदेश तथा जिल्लामा भारतको सहायोगमा कार्यान्वयन भएका ७५ वटा विकास परियोजनाहरू यसै वर्ष उद्घाटन गर्ने योजना रहेको छ ।

नेपालभरीका विभिन्न संस्था तथा स्थानीय निकायलाई दुतावासले ७५ वटा एम्बुलेन्स र स्कुल बस उपहारस्वरूप प्रदान गर्नेछ ।

दूतावासका सामाजिक सञ्जाल ह्याण्डलहरू मार्फत उक्त कार्यक्रम लाइभ प्रसारण गरिएको थियो ।

## नेपालको प्रगति, समृद्धि र विकासमा भारतको निरन्तर सहकार्य : राजदूत क्वात्रा




काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले नेपालको प्रगति, समृद्धि र विकासमा भारतको सहकार्य रहिरहने बताएका छन् । राजदूत क्वात्राले भारतको ७३औं गणतन्त्र दिवसका अवसरमा बुधबार दिएको शुभकामना सन्देशमा नेपालको प्रगति, समृद्धि र विकासका साथै द्विपक्षीय सम्बन्धको विकासमा भारतले बलियो आधार प्रदान गरेको बताएका हुन् । 'सन् २०२१ मा भएका केही उच्चस्तरीय राजनीतिक भेटघाटले भारत-नेपाल साझेदारीलाई महत्वपूर्ण गति प्रदान गरेको छ', उनले भनेका छन् ।

उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाबीच ग्लास्गोमा सम्पन्न कोप-२६ सम्मेलनका क्रममा भएको साइड लाइन वार्ता, भारतीय विदेशमन्त्री डा एस जयशङ्कर र नेपालका परराष्ट्रमन्त्री डा.नारायण खड्काबीच न्यूयोर्कमा सम्पन्न संयुक्त राष्ट्रसङ्घको महासभामा भएको साइड लाइन बैठकले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाएको प्रसङ्ग पनि सो सन्देशमा उल्लेख गरेका छन् ।

राजदूत क्वात्राले जयनगर-कुर्था-विजुलापुर र जोगबनी-विराटनगरलाई जोड्ने अन्तरदेशीय रेलमार्ग, भूकम्पले भत्काएका नुवाकोट र गोरखामा भारत सरकारको पुनः निर्माणमा सहयोग एवं नेपालको अनुरोधमा युरिया र डिएपी मल आपूर्तिलाई प्राथमिकता दिएको प्रसङ्ग पनि राजदूत क्वात्राले सो सन्देशमा उल्लेख गरेका छन् ।

कोभिड-१९ को सङ्क्रमणका क्रममा खोप, आइसीयू शचया, मेडिकल अक्सिजन प्लान्ट लगायतको सहयोग भारतले उपलब्ध गराएको बताउँदै राजदूत क्वात्राले कोभिडसम्बन्धी कडा प्रतिबन्धका बाबजुद पनि दुवै देशको व्यापार निर्वाध ढङ्गले अगाडि बढेको उनको भनाइ छ ।

## सुभाष चन्द्र बोसको १२५ औं जन्मजयन्ती मनाइयो



विराटनगर । सुभाष चन्द्र बोसको १२५औं जन्मजयन्ती विराटनगरस्थित एक कार्यक्रमको आयोजना गरी मनाइएको छ । सुभाषचन्द्र बोस इन्टरनेसनल फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा भारतको स्वतन्त्रतामा नेता ज्यु सुभाषचन्द्र बोसले दिएको योगदान बारेमा विभिन्न वक्ताहरूको चर्चा गरेका थिए । कार्यक्रममा राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले नेता ज्यु बोसको जीवनबाट प्रेरणा प्राप्त गरी आज नेपालीहरूको गौरवको रूपमा रहेको सगरमथालाई चिनियाँ अतिक्रमणबाट मुक्त गराउनु पर्ने आवश्यकता रहेको बताए। उनले भने, 'महान नेता बोसको जीवनमा हामीले देशभक्तिको प्रेरणा लिएर आफ्नो देशलाई चिनियाँ अतिक्रमणबाट बचाउनुपर्छ।' त्यसैगरी बीजेपी नेता तथा बिहार प्रान्तका मन्त्री भानु प्रकाश रायले भारतको इतिहासमा सुभाषचन्द्र ज्युको जून स्थान हुनुपर्ने त्यों स्थान नदिएको प्रति असंतुस्टी व्यक्त गर्दै आफ्ना भनाइहरू राखेका थिए । नेता ज्यु सुभाषचन्द्र बोस इंटरनेशनल फाउन्डेसनका डायरेक्टर ड. निरंजनले नेता ज्यु सुभासचन्द्र बोसको जीवन उपर गहन प्रकाश पार्दै भारतमा आउने युवा पीढ़ीले भारतलाई स्वतन्त्रता प्रदान गराउने असली वीर पराक्रमी नेताजी बोसलाई उचित स्थान दिलाउनेमा संघर्ष गर्ने बताएका थिए । कार्यक्रममा उद्योग बाणिज्य संघ मोरङका महामंत्री अनिल कुमार साह, समाजसेवी डा एस एन झा लगायतले आफ्नो मनत्व रखेका थिए । त्यसैगरी नेता ज्यु बोसको तस्बीर अगाडि पुष्प अर्पण एवं दीप प्रज्वलन गरिएको थियो ।

## भारतले अयोध्यादेखि जनकपुरसम्म रामजानकी मार्ग निर्माण गर्ने

काठमाडौं । भारत सरकारले भगवान रामको जन्मभूमि अयोध्यादेखि जानकीको जन्मस्थल जनकपुरधाम जोड्ने चारलेन सडक निर्माण गर्ने भएको छ । रामजन्मभूमि भारत उत्तर प्रदेशको अयोध्यादेखि नेपालको जनकपुरधामस्थित सीताको जन्मभूमि जनकपुरधामसम्म चारलेन रामजानकी मार्ग सडक निर्माण गर्ने भारत सरकारले जनाएको छ ।

भारतको केन्द्र सरकारका सडक परिवहन एवं राजमार्गमन्त्री नितिन गडकरीले बिहार सरकारका पथ निर्माण विभागमन्त्री नितिन नवीनलाई पत्र लेखेर यसको जानकारी गराएका हुन् । पीएम प्याकेज बिहार-२०१५ अन्तर्गत यस मार्गको २०० किलोमिटर उक्त भागलाई चार लेनको सडक बनाउने काम एनएचआईले गरिरहेको छ । जसको लागि बिहार सरकारले केन्द्र सरकारसँग स्वीकृति मागेको थियो । जसको स्वीकृतिसहितको पत्र केन्द्र सरकारले विहार सरकारलाई जानकारी गराएको हो । बिहार राज्यको राम जानकी मार्गको ४ लेनको मापदण्ड अनुसार विकास गरिने छ । राम जानकी मार्ग उत्तर प्रदेशमा भगवान रामको जन्मस्थल अयोध्याबाट शुरू भएर जनकपुरमा अन्त्य हुन्छ । माता सीताको जन्मस्थल बसन्ती बहालगंज बिहार राज्यको महराउना घाट, सिवन चाकिया, सीतागढी, भिठामोर हुँदै जनकपुरमा अन्त्य हुने पत्रमा उल्लेख छ । रामजानकी मार्ग उत्तर प्रदेशको सिमानामा रहेको मेहरौनाबाट सुरू भएर सीतामढी जिल्लाको नेपाल भारत सीमाको भिठामोडसम्म यसको लम्बाइ लगभग २४० किलोमिटर रहेको छ ।

## भारतको गणतन्त्र दिवसमा राष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीको शुभकामना

काठमाडौं । भारतको ७३औं गणतन्त्र दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले भारतीय समकक्षी राष्ट्रपति रामनाथ कोविन्दलाई शुभकामना सन्देश पठाउँदै उनको सुस्वास्थ्य र सुखका साथै भारतीय जनताको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गरेकी छन् । भारतको स्वतन्त्रताको ७५औं वार्षिकोत्सव भारतमा 'आजादीको अमृत महोत्सव'का रूपमा मनाइन लागेकामा राष्ट्रपति भण्डारीले बधाई तथा शुभकामना व्यक्त गरेकी हुन् ।

यसैगरी प्रधानमन्त्री शेरबहादुर देउवाले पनि प्रधानमन्त्री नरेन्द्र मोदीलाई पठाएको सन्देशमा उनको सुस्वास्थ्य र सुखको कामनाका साथै भारतीय जनताको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गरेका छन् । सन्देशमा प्रधानमन्त्री देउवाले सामाजिक, आर्थिक विकासमा भारतले हासिल गरेको उल्लेखनीय उपलब्धि तथा प्रविधि र नवप्रवर्तनमा गरेको प्रभावकारी प्रगतिको प्रशंसा गरेका छन् । प्रधानमन्त्रीले आगामी दिनमा नेपाल र भारतबीचको सम्बन्ध थप मजबुत हुँदै जाने विश्वास पनि व्यक्त गरेका छन् । त्यसैगरी परराष्ट्रमन्त्री डा नारायण खड्काले आफ्ना भारतीय समकक्षी डा एस जयशङ्करलाई पठाएको सन्देशमा उनका साथै भारतका जनताप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गरेका छन् । मन्त्री खड्काले दुई देशबीचको न्यानो र मैत्रीपूर्ण सम्बन्ध आगामी दिनमा थप प्रगाढ हुने विश्वास पनि सन्देशमा व्यक्त गरेका छन् ।

## मधेशमा...

महिनामात्र मुस्किलले गाडी चल्छन् । मुलुकभरि ग्रामीण सडकमध्ये ७० प्रतिशत मधेशमा छन् । कालोपत्रे सडकमध्ये ७० प्रतिशत मधेशभित्र बनेका छन् । नेपालमा दर्ता भएका सवारीसाधनमध्ये ५ प्रतिशत पहाडहिमालमा र ३० प्रतिशत मधेशमा गुड्छन् ।

तर, उता पहाडमा भने जोखिमपूर्व कठिन सडकको यात्राबाट आवश्यक वस्तु आयात गर्न बाध्य हुँदा चर्को मूल्य तिरी उपभोग्य वस्तु खरिद गर्नुपर्छ । कुनै उल्लेखनीय त्यस्ता ठूला सिंचाई वा अन्य विकास आयोजना वा उद्योगधन्दा त्यहा स्थापित छैनन् । रोजगारी सिर्जना हुने ठोस आधारतन्त्र विद्यमान छैन ।

दुर्गम पहाड हिमालका जनताको जनजीविका पनि त्यतिकै कष्टसाध्य छ । उकालो ओरालो गर्दै व्यापार गर्नुपर्छ ।स्थानीयस्तरमा स्वास्थ्य सुबिधाको अभावमा बिरामी परियो भने हप्तौं हिँडेरै टाढा शहर पुगी खर्चिलो उपचार गराउनु पर्छ ।

प्राकृतिक एवं राजकीय श्रोतसाधन लगानीको दृष्टिले सुविधासम्पन्न भएकै कारणले हिमाल र पहाडका जनता मधेशतिर झरेका हुन । फलतः मधेशको जनसंख्या बढेको हो तर पनि मधेशको गरिबीको सूचक पहाडको भन्दा नराम्रो छ । यसको मूल कारकतत्व थिचोमिचोयुक्त मधेशको सामाजिक सांस्कृतिक आर्थिक वातावरण नै हो ।

मधेश श्रोतसाधन र सम्भावनामा अतुलनीय धनी छ । यसैले मधेशले पहाड र हिमाललाई पालिरहेको छ । हिमाल र पहाडले तराई पाल्ने दिन आउन अझै कैयन दशक लाग्न सक्छ ।

## जनमत...

विमलेश मण्डल, सप्तरी कञ्चनरूप नगरपालिका-१ का पप्पु पञ्जियार, सप्तरीकै तिलाठी कोइलाडी गाउँपालिका-२ का सुशीलकुमार मण्डल, सिरहाको सिरहा नगरपालिका-४ का जिवछ यादव, सप्तरी बोदेबर्साइन नगरपालिका-१ का अर्जुन साह, महोत्तरी एकडारा गाउँपालिका-४ का रामविनय पासवान र सर्लाही कविलासी नगरपालिका-२ का सुवेक मण्डल रहेको धनुषा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक दीपक राईले जनाएका छन् । प्रहरीसँगको झडपमा जनमत पार्टीका केही कार्यकर्ताका साथै चार प्रहरी पनि घाइते छन् ।

जनमत पार्टीका कार्यकर्ताले प्रदेश सांसद्, पालिका प्रमुख र उपप्रमुखहरू सवार सरकारी गाडी तोडफोड गरेका थिए । गाडीमा सवार पाँच जनप्रतिनिधि घाइतेसमेत भएका छन् ।

## मधेश...

३. मौलिक अधिकार उपयोग गर्न वाधाको रूपमा रहेको संवैधानिक अडचनहरू प्रतिवन्धात्मक धाराहरू तत्काल संविधानबाट हटाउनु पर्ने ।

४. संघिय व्यवस्था लागु हुने पर्ने, संघियताको तहत मधेशलाई एक स्वायत्त प्रान्त बनाउनु पर्ने एवं जनसंख्याको आधारमा सरकारी सेवामा सिटको आरक्षण हुनुपर्ने

५. २०४७ को संविधान लागु भएको दिन सम्म नेपालमाा स्थाई वसोवास गरिरहेकाहरूलाई नागरिकता परिचय पत्र दिनुपर्ने।

उपरोक्त माँगहरू पुरा गर्नको निम्ती गजेन्द्र बाबुले अन्तरिम सरकारका प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको थियो ।

सोहि मागलाई लिएर २०४७ पुष १६ गते देखि २९ गतेसम्म देशव्यापी आफ्ना माँगहरूका सम्बन्धमा प्रदर्शन गर्यो । र माघ २१ गते सोमवार सिंहदरवार घेराउ कार्यक्रम गरेको थियो । २०४७ साल माघ २१ गते सोमवारका दिन श्रदेय नेता गजेन्द्र नारायण सिंह एवं बाबा रामजनम तिवारीको नेतृत्वमा सिंहदरवार घेराउ एवं धर्ना कार्यक्रमको निम्ती गौशाला धर्माशालाबाट सिंहदरवारको पश्चिमी गेट तिर आफ्ना ५ बुंदे माँग लेखिएको तुल, व्यानर, प्लेकार्ड आदि वोकेर नारा लगाउँदै जुलुस अगाडी बढी रहेको थियो कि मूलगेट नपुग्दै, न प्रहरीले पूर्व कुनै सूचना दिए, न त कुनै वार्निङ्ग नै, जुलुस उपर एकासी लाठि वुट प्रहार गर्न थाले । भर्खरै प्रजातन्त्र आएको थियो, देशमा कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा प्रजातान्त्रिक अन्तरिम सरकार थियो । गजेन्द्र बाबु, बाबा रामजनम लगायतको नेताहरूको नेतृत्वमा नेपाल सद्भावना परिषद पनि उक्त २०४६ को प्रजातान्त्रीक आन्दोलनमा सहभागि भएका थिए । २०४६ सालको प्रजातान्त्रीक आन्दोलनमा थुप्रै नेताहरूको गिरफ्तार पनि भएको थियो । त्यसैले संगै लडेर स्थापीत गरेको प्रजातन्त्रमा पनि पञ्चायत झै त्यसमा पनि प्रजातान्त्रीक सन्त नेता कहलिएका कृष्ण प्रसाद भट्टराई प्रधानमन्त्री भएको वखत यसरी शान्तिपूर्ण धर्ना जुलुस उपर दमन होला भनेर कसैले सोचेका पनि थिएनन् । तर अत्याधिक बल प्रयोग भयो, प्रजातान्त्रिक सरकारका प्रहरीबाट दमन भयो नेता गजेन्द्र नारायण सिंहसमेत माथि लाठि प्रहार भयो । जसमा संस्थापक नेता रामजनम तिवारीको हात भाँचिएको थियो ।

प्रत्यक्ष सहभागी एव घाइते देवेन्द्र मिश्रका अनुसार त्यो दृश्य अत्यन्तै कहाली लाग्दो थियो । सिंहदरवार अगाडी भद्रकाली रोडमा रगतका छिटा, चप्पल जुता र आन्दोलनकारीबाट फुत्काएका धोतिहरू, गम्छीहरू छरपष्ट देखिन्थे । त्यस आक्रमणमा गजेन्द्र बाबु पनि गम्भीर घाईते हुनु भएको थियो । उहाँको थप उपचारको आवश्यक्ता हुँदै हुँदै समान्य उपचार पछि उहाँले बाँकी सबै घाइतेहरूलाई भेटी मनोवल वढाउने कार्यहरू गर्नु भयो । प्रहरी दमन विरूद्ध तथा आफ्ना मागका पक्षमा भोलीपल्ट अर्थात माघ २२ गते पनि प्रदर्शन भयो । काठमाण्डौमा रहेका मधेशीहरू जो मूलत मजदुर विद्यार्थी आदी थिए उनिहरू समेत थप भएर अर्को दिन झन् बिसाल प्रदशन भयो। गजेन्द्र बाबु यिनै मागहरू लिएर कहिले जुलुस प्रदशन त कहिले धर्ना प्रायजसो बर्षमा एक दुइ चोटी हुन्थ्यो हुन्थियो। उहा कहिले रिले अनशन त कहिले आमरण अनसन त कहिले संविधानका बिभिन्न विभेदी धाराहरू जलाउने कार्यहरू गरिरहनु भयो । उहाले भन्ने गर्नुहुन्थियो 'सदभावना पार्टी नही यह एक आन्दोलन है' नभन्दै सद्भावनाका नेताहरू आन्दोलन गरिरहन्थे र पक्राउ पनि परिरहन्थे ।

सप्तरीदेखि पर्सासम्मको आठ जिल्लाको मधेसले आधिकारिक रूपमा प्रदेशको दर्जा पाएको छ । तर गजेन्द्र बाबुको सपनाको मधेश त २२ जिल्लाकै थियो, मधेसको भूमिमा मधेसको नाममा राजनीति गर्नेहरूले पनि उहाँकै लाइनमा रहेर विगतमा २२ जिल्लालाई मधेशको पहिचान दिलाउने सन्दर्भमा आन्दोलन गरेको र थुप्रैले सहादत प्राप्त गरेको कसैबाट लुकेको छैन । तर हालको ८ जिल्लाको मधेश प्रदेश पनि सिंहकै योगदानको उपलब्धि हो । सिंहकै अजेन्डालाई आधार बनाएर मधेस प्रदेश जन्मिएको हो । तर यतिले मात्र सिंहको सपना साकार भएको मानिने छैन । आन्दोलनको निरन्तरता अझै पनि जरूरी छ । पुर्वको झापा मोरंग सुनसरी समेतको मधेश प्रदेश र पशिममा चितवन देखी कन्चनपुर सम्मका मधेशी-थारूले पनि स्वायत्ता पाउन बाँकी नै छ । सिंहले उठान गरेको मधेस र पहाडका आदिवासीहरूको स्वायतता र अधिकारको मुद्दा अझै छन् । नेपालको राजनीतिमा मधेश, सामाजिक न्याय, समतामूलक समाज निर्माणलगायत सवालमा सिंहले गरेको वकालत र जीवन-संघर्ष अतुलनीय रहनेछ ।

सिंह नै पहिलो यस्तो नेता हुन्, जसले मेचीदेखि महाकालीसम्मको मधेशलाई भावनात्मक रूपमा जोड्ने प्रयत्न गरे र यस क्षेत्रमा बसोवास गर्ने नागरिकको अधिकारका पक्षमा आवाज बुलन्द गरे । गजेन्द्रनारायण सिंह आफ्नो राजनीतिक अभियानलाई सशक्ततापूर्वक निरन्तरता मात्र दिएनन्, बरू राज्यलाई मधेशका सन्दर्भमा सोच्न बाध्य पनि बनाए । उनले सुरू गरेको समाबेशिता, संघीयताको बहस उनको मृत्यु प्रश्चात नेपालले पायो । तर, राज्यबाट सिंहले कुनै सम्मान पाउन सकेनन् । यहासम्म कि उहाँकै सपनाको कारण आज मधेश प्रदेश र मधेश सरकार छ तर तिनीहरूले पनि सिंहको अतुलनीय योगदानको कदर एव सम्मान गर्न सकेको छैन ।


## जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





## मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं